# प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।०६।०६

संशोधन

१) प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) ऐन, २०७६: २०७७।०४।१८

२) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९: २०७९।११।१५

३) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२: २०८२।०३।२९

संम्वत् २०७६ सालको ऐन नं. १८

**प्रस्तावनाः** चालक अनुमतिपत्र, नवीकरण तथा प्रदेशभित्र सवारी दर्ता, नामसारी, नवीकरण भई सञ्चालन हुने सवारी साधनको व्यवस्थित, मर्यादित, अनुशासित तरिकाले सञ्चालन, नियमन, व्यवस्थापन, सर्वसाधारणलाई सहज, सरल र सुविधायुक्त यातायात सेवा उपलब्ध गराउन, सार्वजानिक यातायातको रुट अनुमति, गुणस्तर, भाडा निर्धारण र नियमन तथा सवारीसाधनमा लगानी भएको नेपाली श्रम र पुँजीलाई संरक्षण, प्रर्वद्धन तथा विकास गर्न, यातायात क्षेत्रमा रोजगारी सृजना गरी संरक्षण गर्न, सवारी दुर्घटनालाई न्यूनीकरण गर्न, सडक सुरक्षा तथा सुशासनको प्रत्याभूति, रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, योजना र आयोजनालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त, नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अधिकारप्राप्त अधिकारी"** भन्नाले प्रदेश यातायात व्यवस्था कार्यालयको कार्यालय प्रमुख सम्झनु पर्छ।

(ख) **"कुटनीतिक सुविधा प्राप्त सवारी"** भन्नाले दफा १२ बमोजिमको सवारी सम्झनु पर्छ।

(ग) **"चालक"** भन्नाले यस ऐनबमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(घ) **"चालक अनुमतिपत्र"** भन्नाले दफा ५० बमोजिमको अधिकारप्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(ङ) **"छोटो बाटो"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चिस किलोमिटर देखि एक सय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ।

(च) **"जाँचपास"** भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ।

(छ) **"ट्राफिक सङ्केत"** भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि उल्लिखित वा साङ्केतिक रूपमा टाँसी राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउँछ।

(ज) **"ठूलो सवारी"** भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ।

(झ) **"तोकिएको वा तोकिए"** बमोजिम भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको सूचित आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) **"दर्ता प्रमाणपत्र"** भन्नाले दफा १६ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(ट) **"निजी सवारी"** भन्नाले दफा ८ बमोजिमको सवारी सम्झनुपर्नेछ।

✂(ठ) ..............

(ड) **"पर्यटक सवारी"** भन्नाले दफा ७ बमोजिमको सवारी सम्झनु पर्छ।

(ढ) **"परिचालक"** भन्नाले दफा ६६ बमोजिमको परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनुपर्नेछ र सो सवारीमा काम गर्न अन्य चेकर तथा हेल्परलाई समेत जनाउँछ।

(ण) **"पार्किङ्गस्थल"** भन्नाले सवारी अड्याउन निर्धारित गरिएको ठाउँ सम्झनु पर्छ।

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

(त) **"प्रदूर्षण"** भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूर्षण सम्झनु पर्छ।

(थ) **"परीक्षा समिति"** भन्नाले दफा १५३ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(द) **"प्रहरी"** भन्नाले नेपाल प्रहरी, प्रदेश प्रहरी सम्झनु पर्छ र सो शब्दले सशस्त्र प्रहरी बल समेतलाई जनाउँछ।

(ध) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(न) **"प्रशिक्षण केन्द्र"** भन्नाले दफा १५६ बमोजिम मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनु पर्छ।

(प) **"बस बिसौनी"** भन्नाले यात्रीवाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निम्ती निर्धारित गरिएको ठाउँ सम्झनु पर्छ।

(फ) **"बाटो"** भन्नाले सार्वजनिक तथा निजी सवारी सञ्चालन गर्नका निम्ति निर्धारित गरिएको बाटो सम्झनु पर्छ।

(ब) **"बाटो इजाजतपत्र"** भन्नाले स्वीकृती प्राप्त बाटोमा सवारी चलाउन दफा ७५ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ।

(भ) **"बिमा"** भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बिमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने (कम्प्रिहेन्सिभ) बिमालाई समेत जनाउँछ।

(म) **"भाडा"** भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ।

(य) **"मध्यम बाटो"** (मिडियम रुट) भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एक सय किलोमिटर भन्दा बढी तर दुई सय पचास किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ।

(र) **"मन्त्रालय"** भन्नाले [✎]यातायात हेर्ने सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(ल) **"मालसामान"** भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पंक्षी तथा कुनै निर्जीव वस्तु सामान सम्झनु पर्छ।

(व) **"मालवाहक सवारी"** भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ।

(श) **"मझौला सवारी"** भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनु पर्छ।

(ष) **"यातायात सेवा"** भन्नाले सार्वजनिक सवारीले भाडा लिई यात्री वा मालसामान एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउने गरी प्रदान गर्ने सेवा सम्झनु पर्छ।

(स) **"यात्री"** भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(ह) **"यात्रीवाहक सवारी"** भन्नाले यात्रीहरूलाई यातायात सेवा प्रदान गर्ने सार्वजानिक सवारी सम्झनु पर्छ।

(क्ष) **"यात्री गुण्टा"** भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ।

(त्र) **"यातायात निरीक्षक"** भन्नाले दफा १५४ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ज्ञ) **"लामो बाटो"** (लङ्ग रुट) भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुई सय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ।

(ज्ञ१) **"विद्यालय तथा कलेज सवारी"** भन्नाले दफा ११ बमोजिमको सवारी सम्झनु पर्छ।

(ज्ञ२) **"व्यवस्थापन समिति"** भन्नाले दफा १५१ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज्ञ३) **"व्यवस्थापक"** भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा

---

[✎] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

सञ्चालन गर्ने जिम्मा लिएको कम्पनीको मुख्य व्यवस्थापन गर्ने व्यक्ति सम्झनु पर्छ।

(ज्ञ४) **"सवारी"** भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ।

(ज्ञ५) **"सवारीको वजन"** भन्नाले सवारीको कुल वजन सम्झनु पर्छ।

**स्पष्टीकरणः** कुल वजन भन्नाले सवारीको इन्जिन, चेसिस, अन्य औजार तथा उपकरण लगायत सवारी दर्ताका प्रमाणपत्रमा लेखिएको कुल भारवहन क्षमता समेतलाई जनाउँछ।

(ज्ञ६) **"सानो सवारी"** भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनु पर्छ।

(ज्ञ७) **"सार्वजनिक सवारी"** भन्नाले दफा ६ बमोजिमको सार्वजनिक सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ।

(ज्ञ८) **"सरकारी सवारी"** भन्नाले दफा ९ बमोजिमको सवारी सम्झनु पर्छ।

(ज्ञ९) **"संस्थानको सवारी"** भन्नाले दफा १० बमोजिमको सवारी सम्झनु पर्छ।

(ज्ञ१०) **"सडक"** भन्नाले सवारीसाधन तथा मानिस आवत जावत गर्न बनाइएको खास क्षेत्र वा बाटो सम्झनु पर्छ।

(ज्ञ११) **"सुरक्षाकर्मी"** भन्नाले यात्री मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ।

(ज्ञ१२) **"सार्वजनिक स्थान"** भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, बाटो वा सर्वसाधारण जनता आउने जाने बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्री चढन, उत्रन वा सवारी राख्न निर्धारण गरिएको ठाउँलाई समेत जनाउँछ।

(ज्ञ१३) **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ज्ञ१४) **"स्थानीय बाटो"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्मको बाटो सम्झनु पर्छ।

(ज्ञ१५) **"सवारी धनी"** भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति सम्झनु पर्छ।

(ज्ञ१६) **"क्षेत्र"** भन्नाले यातायात व्यवस्था कार्यालयको प्रादेशिक क्षेत्राधिकार अन्तर्गत पर्ने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद-२

## सवारीको वर्गीकरण

३. **ठूलो सवारी**ः दश टनभन्दा बढी वजन भएको अनुसूची-१ को खण्ड (क) मा उल्लिखित सवारीलाई ठूलो सवारी भनिनेछ।

४. **मझौला सवारी**ः चार टनदेखि दश टनसम्म वजन भएको अनुसूची-१ को खण्ड (ख) मा उल्लिखित सवारीलाई मझौला सवारी भनिनेछ।

५. **सानो सवारी**ः चार टनभन्दा कम्ती वजन भएको अनुसूची-१ को खण्ड (ग) मा उल्लेखित सवारीलाई सानो सवारी भनिनेछ।

६. **सार्वजनिक सवारी**ः (१) यातायात सेवा सञ्चालन गर्न देहायको प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ।

(२) सार्वजनिक सवारीलाई यात्रीवाहक र मालवाहक गरी दुई किसिममा विभाजन गरिनेछ।

(३) यात्रीवाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछः-

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रुत (एक्सप्रेस) सेवा,

(ग) साधारण (लोकल) सेवा र

(घ) साधारण विद्युतीय तीन पाङ्ग्रे रिक्सा (लोकल) सेवा।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीवाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य आवश्यक व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (क) मा लेखिए बमोजिम नम्बर प्लेट राख्नुपर्नेछ।

७. **पर्यटक सवारीः** (१) ✎स्वदेशी तथा विदेशी पर्यटकलाई यातायात सेवा प्रदान गर्न यस ऐन र प्रचलित कानून बमोजिम दर्ताको प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिन्छ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ख) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

▿७क. **विशेष पर्यटक सवारीः** (१) छिमेकी मुलुकका पर्यटक मात्र सीमा क्षेत्रबाट चढाएर प्रदेश सरकारले तोकेको प्रदेशभित्र वा अन्य प्रदेशका पर्यटकीय गन्तव्यसम्म प्रत्यक्ष सवारी (डाइरेक्ट)सेवाको सञ्चालन गर्न प्रदेश सरकार वा मातहतको यातायात व्यवस्था कार्यालयबाट अनुमति प्रदान गर्नेछ र त्यस्ता सवारी साधन खरिदमा सहुलियत र सवारी दर्ता, नवीकरण दस्तुर र सवारी करमा प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम छुट दिन सक्नेछ र आर्थिक ऐनमा व्यवस्था नभएको भए प्रदेश सरकारले निर्णय गरी त्यस्तो सहुलियत र छुट दिन सक्नेछ।

(२) डिजेल पेट्रोलको सट्टा ग्रीन हाइड्रोजनबाट चल्ने सवारी साधन खरीदमा सहुलियत, दर्ता, नवीकरण र सवारी करमा आर्थिक ऐनमा व्यवस्था भए बमोजिम छुट दिन सक्नेछ र आर्थिक ऐनमा व्यवस्था नभएको भए प्रदेश सरकारले निर्णय गरी अनुदान वा छुट वा सहुलियतको सुविधा प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रत्यक्ष (डाइरेक्ट) सेवाको पर्यटक सवारीले बीच बाटोबाट कुनै यात्री तथा सरसामान चढाउन तथा ओराल्न पाउने छैन।

(४) उपदफा (३) विपरीत कार्य गर्ने सवारीलाई प्रत्येक पटक पाँच हजार रुपैयाँ जरिबाना गरी त्यसको अभिलेख राखिनेछ।

(५) उपदफा (४) बमोजिमको सवारीले तीन पटक भन्दा बढी उपदफा (३) विपरीतको कार्य गरेमा पटकै पिच्छे थप पाँच हजार जरिबाना लाग्नेछ।

तर एक वर्षमा छ वा सो भन्दा बढी पटक उपदफा (३) विपरीतको कार्य गरेमा अनुमति खारेज गर्न सकिनेछ।

(६) विशेष पर्यटक सवारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **निजी सवारीः** (१) निजी प्रयोगको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई निजी सवारी मानिनेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

▿ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

(२) निजी सवारी [✎]<u>प्रति व्यक्ति भाडा तोकी लिई</u> सार्वजनिक यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।

(३) निजी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ग) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्नेछ।

[▽](४) उपदफा (२) मा जनसुकै कुरा लेखिएको भए तापनि निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे तथा दुइ पाङ्ग्रे सवारीले छुट्टै अनुमति पत्र लिई फरक सवारी संकेत राखी तोकिएको प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्री ओसारपसार (राइड सेयरीङ्ग) गर्न सक्नेछन्।

[▽](५) उपदफा (४) बमोजिमको सवारी साधनको दर्ता, नवीकरण, जाँचपास र बाटो इजाजत लगायत आवश्यक व्यवस्था प्रदेश सरकारले स्वीकृत गर्ने कार्यविधि बमोजिम हुनेछ।

९. **<u>सरकारी सवारी</u>**: (१) कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग सम्बन्धित सरकारी निकायको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (घ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

१०. **<u>संस्थानको सवारी</u>**: (१) नेपाल सरकार, प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई संस्थानको सवारी भनिनेछ।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (ङ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

११. **<u>विद्यालय तथा कलेज सवारी</u>**: (१) सामूदायिक वा संस्थागत विद्यालयले र उच्च शिक्षा अध्ययन अध्यापन गराउने कलेजले विद्यार्थी ओसारपसार गर्न प्रयोग गर्ने यस ऐन बमोजिम [✂]........ दर्ता भएको सवारी सम्झनुपर्नेछ।

(२) सामूदायिक वा संस्थागत विद्यालय र कलेजले प्रयोग गर्ने सवारीमा पहेलो रङ्ग लगाएको हुनुपर्नेछ।

---

[✎] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

[▽] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

[✂] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

*(३) सामुदायिक विद्यालय वा सरकारी कलेजको सवारीको प्लेट अनुसूची-२ को खण्ड (घ) र संस्थागत विद्यालय वा निजी कलेजको सवारीसाधनको प्लेट अनुसूची-२ को खण्ड (ग) बमोजिम हुनु पर्नेछ।

१२. **कुटनीतिक सुविधा प्राप्त सवारीः** (१) कुटनीतिक नियोग वा कुटनीतिक सुविधा प्राप्त कार्यालय योजना निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कुटनीतिक सुविधाप्राप्त सवारी भनिनेछ।

(२) कुटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (च) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नुपर्नेछ।

१३. **अन्य प्रयोजनको निम्ती प्रयोग गर्न नहुनेः** (१) कुनै एक प्रयोजनको निम्ती दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ती प्रयोग गर्न पाइनेछैन।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ती भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ती बाहेक अन्य प्रयोजनको निम्ती अधिकारप्राप्त अधिकारीको अनुमति बेगर त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न पाइनेछैन।

## परिच्छेद-३

## सवारी दर्ता सम्बन्धी व्यवस्था

१४. **सवारीसाधन दर्ता गराउनुपर्नेः** (१) कुनै पनि सवारी खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने, कुनै व्यक्ति, फर्म, कम्पनी वा एजेण्टले सवारी साधन खरिद गरेको वा पैठारी गरी, उत्पादन गरेको वा खरिद गरेको मितिले पन्ध्र दिनभित्र अधिकारप्राप्त अधिकारी समक्ष दर्ता गराउनु पर्नेछ।

□(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन पाङ्ग्रे ई-रिक्साको दर्ता, नवीकरण, बाटो इजाजतपत्र र नियमन तोकिए बमोजिम हुनेछ।

(३) यस ऐन बमोजिम सवारी दर्ता नगरी कुनै पनि सवारी चलाउन वा सञ्चालन गर्नहुदैन।

(४) उपदफा (१) विपरित सवारी चलाएको वा सञ्चालन भएको पाइएमा त्यस्ता सवारीसाधनलाई जफत दर्ता पश्चात् लिलाम दर्ता प्रक्रियामा लगिनेछ। लिलाम दर्ता प्रक्रिया तोकिए बमोजिम हुनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

▽(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तीनपाङ्ग्रे अटो, ई-रिक्सा जस्ता सवारी साधन प्रचलित कानून बमोजिम दर्ता गर्दै आइरहेकोमा सडक सुरक्षामा थप खतरा वा मानवीय जिउधनको क्षति हुने देखिएमा त्यस्ता सवारी साधनका सम्बन्धमा अवधि तोकी मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी दर्ता तथा सञ्चालनको अनुमति दिने कार्यलाई निश्चित समयका लागि रोक लगाउन सक्नेछ।

१५. **सवारी दर्ता गराउन दरखास्त दिनुपर्नेः** (१) दफा १४ बमोजिम कुनै सवारीसाधन दर्ता गराउनु परेमा सवारी नेपालभित्र खरिद गरेको भए खरिद गर्ने व्यक्ति, फर्म र कम्पनी वा एजेण्टले सो खरिद गरेको निस्सा र त्यस्तो सवारी विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म र कम्पनी वा एजेण्टले सो सवारीको भन्सार महसुल तिरेको निस्सा, उत्पादन गर्ने व्यक्ति, फर्म र कम्पनीले प्राप्त गरेको इजाजत पत्र, चेसिस, इन्जिनको फोटो र तोकिए बमोजिमको अन्य कागजपत्र तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी पन्ध्र दिनभित्र अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ। यदि पन्ध्र दिनभित्र दरखास्त नदिएमा प्रत्येक दिनको लागि 🕮दफा १५८ को उपदफा (५क) बमोजिम जरिबानाहुनेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको आफ्नो दुईप्रति पासपोर्ट साइजको फोटो समेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ।

(३) सरकारी सवारीको हकमा त्यस्तो सवारी जुन सरकारी कार्यालयको नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र कुटनीतिक सुविधा प्राप्त सवारीको हकमा नेपाल सरकार परराष्ट्र मन्त्रालयको सिफारिस पत्र समेत संलग्न गरेको हुनुपर्नेछ। कुटनीतिक सुविधा प्राप्त सवारी कुनै व्यक्तिको नाममा दर्ता हुनेभएमा निजले आफ्नो पासपोर्ट वा नागरिकताको प्रतिलिपि एवं दुई प्रति पासपोर्ट साइजको फोटो संलग्न गरेको हुनुपर्नेछ।

(४) नेपालभित्र कुनै व्यवसाय तथा काम कारोबार गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको निम्ती कुनै सवारी दर्ता गराउन चाहेमा उपदफा (१) र (२) मा लेखिएका कुराहरूका अतिरिक्त सम्बन्धित कुटनीतिक नियोगको सिफारिसपत्र समेत संलग्न गरेको हुनुपर्नेछ।

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

🕮 पहिलो संशोधनद्वारा संशोधित

(५) नाबालकको नाममा कुनै सवारी दर्ता गराउनु परेमा निजको तर्फबाट निजको अभिभावक, संरक्षक वा माथवरले नाबालक तथा आफ्नो समेत दुई-दुई प्रति पासपोर्ट साइजको फोटो एवम् नागरिकताको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी दरखास्त दिनु पर्नेछ।

१६. **<u>सवारी दर्ताको प्रमाणपत्र</u>:** (१) दफा १४ बमोजिम कुनै सवारी दर्ता गराउनको लागि दफा १५ बमोजिम दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा सात दिनभित्र त्यस्तो सवारी दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र दिँदा सवारी बिक्री गर्ने फर्म कम्पनी भए त्यस्तो फर्म वा कम्पनीको आधिकारिक प्रतिनिधि वा कर्मचारी र बिक्री वा हस्तान्तरण गर्ने व्यक्ति भए आफैं वा प्रचलित कानून बमोजिमको निजको वारेशलाई समेत सहीछाप गराई राख्नुपर्नेछ।

तर कुनै आवश्यक कागजात नपुग देखिएमा समय तोकी आवश्यक कागजात पेस गर्न अधिकारप्राप्त अधिकारीले मनासिब समय दिनेछ र त्यस्तो समयभित्र दरखास्तवालाले कागजात पेस गर्नुपर्नेछ।

तर सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू एवम् प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाहरूको नाउँमा बाहेक चौधभन्दा बढी सिट संख्या तथा चार टन वा सो भन्दा बढी कुल वजन भएका सवारीहरूलाई निजी सवारीको रूपमा दर्ता गरिनेछैन।

(३) नाबालकको नाममा सवारी दर्ता गर्दा अभिभावक वा माथवर संरक्षक समेतको नाम दर्ताको प्रमाणपत्रमा उल्लेख गरी दर्ताको प्रमाणपत्रमा निजको समेत सहीछाप गराउनु पर्नेछ।

(४) दर्ताको प्रमाणपत्रमा सवारी खरिद गर्दा सवारीसाधनको निर्माताले दिएको सवारीको प्राविधिक विवरणमा लेखिएको सवारीको कुल भारवहन क्षमतालाई सो सवारीको भार मानी उल्लेख गर्नुपर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा त्यस्तो सवारीको भाररहित वजन र भारवहन क्षमता समेत छुट्टाछुट्टै रूपमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ।

(५) दर्ताको प्रमाणपत्र दिइएको मितिले त्यस्तो प्रमाणपत्रको अवधि एक वर्षसम्म बहाल रहनेछ।

१७. **<u>सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनुपर्ने</u>:** (१) दफा १६ बमोजिम कुनै सवारी दर्ताको प्रमाणपत्र दिनुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने ठीक स्थितिमा छ वा छैन भन्ने कुराको दफा २३ बमोजिम तोकिएको मापदण्डका

अधिनमा रही जाँचबुझ गरी चलाउन सकिने ठीक स्थितिमा रहेछ भने मात्र त्यस्तो सवारी दर्ता गरी दर्ताको प्रमाणपत्र दिनुपर्नेछ। त्यसरी दर्ताको प्रमाणपत्र दिंदा त्यस्तो सवारीको धनीलाई त्यस्तो सवारी सडकमा चल्न सक्ने सक्षमता (रोड ओर्दीनेस) को प्रमाणपत्र समेत दिनुपर्नेछ।

तर, यस दफा बमोजिम सवारी चलाउन नसकिने कुरा एकिन भएमा नसक्ने कारण र आधार खुलाई सवारी धनीलाई अधिकारप्राप्त अधिकारीले सो कुराको लिखित जानकारी सात दिनभित्र गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लिखित जानकारीमा चित्त नबुझे सवारीधनीले तीस दिनभित्र ✎मन्त्रालयमा पुनरावेदन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको पुनरावेदन परेमा त्यस्को आवश्यक जाँचबुझ गरी ✎मन्त्रालयले पैंतालीस दिनभित्र आवश्यक निर्णय गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको सक्षमताको प्रमाणपत्र सवारीमा सधैं भरी टाँसिएको हुनुपर्नेछ।

१८. **संयुक्त दर्ताः** कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुईभन्दा बढी व्यक्तिले अधिकारप्राप्त अधिकारी समक्ष दफा १५ बमोजिम दरखास्त दिएमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो सवारीलाई ती व्यक्तिहरूको नाममा संयुक्त रूपमा दर्ता गरी निजहरूलाई दफा १६ बमोजिमको दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

१९. **अस्थायी दर्ताः** देहायको अवस्थामा कुनै सवारी अस्थायी रूपमा दर्ता गर्न सकिनेछः

(क) सवारी पैठारी गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्यादभित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) पैठारी गरिएको सवारीको इन्जिन, चेसिस वा अन्य कुनै पार्टपुर्जाको खराबीको कारणले गर्दा तुरुन्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्थामा परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बिमा कम्पनीसँग क्षतिपूर्ति बिमा सम्बन्धी विवादपरी तुरुन्त दर्ता गर्न नसकिने भएमा,

(घ) विदेशी लगानी वा विदेशी राष्ट्र वा कम्पनीबाट नेपालभित्र सञ्चालन वा निर्माण हुने आयोजना परियोजनाको निम्ती उपयोग हुने विदेशमा दर्ता भएको सवारीसाधन भएमा।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

२०. **अस्थायी दर्ताको लागि दरखास्तः** (१) दफा १९ मा लेखिएको कुनै अवस्थापरी कुनै सवारी पैठारी गर्ने व्यक्ति वा निजको अनुपस्थितिमा निजको नजिकको हकवालाले सो सवारी पैठारी गर्ने व्यक्तिको नाममा अस्थायी रूपमा दर्तागर्न सो सवारीको भन्सार महसुल तिरेको निस्सा तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा दरखास्तवालाले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र जसको नाममा अस्थायी दर्ता गरिने हो सो व्यक्तिको हालसालै खिचिएको दुई प्रति फोटो समेत संलग्न गरेको हुनुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लखिएको भए तापनि विदेशी राष्ट्र वा कम्पनीबाट सञ्चालन वा निर्माण हुने आयोजनामा सञ्चालन गरिने कुनै सवारीसाधनको अस्थायी दर्ता प्रयोजनमा नागरिकताको प्रमाणपत्र पेस गर्नुपर्नेछैन।

२१. **अस्थायी दर्ताको प्रमाणपत्रः** (१) दफा २० बमोजिम कुनै सवारी अस्थायी दर्ता गराउनको लागि कसैको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले सो सवारी दफा १९ बमोजिम अस्थायी रूपमा दर्ता गरी अनुसूची-४ बमोजिमको ढाँचामा अस्थायी दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(२) अस्थायी दर्ताको प्रमाणपत्र प्राप्त सवारीमा राख्नुपर्ने नम्बर प्लेटमा अस्थायी समेतको बेहोरा जनाउनुपर्नेछ।

(३) अस्थायी दर्ताको प्रमाणपत्र एकै पटक वा पटक पटक गरी बढीमा छ महिनासम्म बहाल रहने गरी दिन सकिनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी वा विदेशी राष्ट्र वा कम्पनीद्वारा सञ्चालन वा निर्माणहुने आयोजना परियोजनामा उपयोगहुने सवारीसाधनको हकमा त्यस्तो आयोजना परियोजनाको काम सम्पन्न नहुञ्जेलसम्मका लागि अस्थायी अनुमतिपत्र प्रदान गर्न सकिनेछ।

तर त्यस्ता सवारीसाधनले तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

२२. **सवारी ल्याउनुपर्नेः** दफा १५ वा २० बमोजिम कुनै सवारी दर्ता गर्न दफा ३७ बमोजिम सवारी नामसारी गर्न दफा ३९ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि दरखास्त दिंदा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत कार्यालयमा दरखास्तसाथ ल्याउनुपर्नेछ।

२३. **सवारीको जाँचबुझको लागि मापदण्ड तोक्न सकिनेः** (१) कुनै सवारी चलाउन सकिने स्थितिमा छ छैन भन्ने कुराको जाँचबुझ गरी यकिन गर्न देहायका कुराहरूका

सम्बन्धमा प्रदेश सरकारले समय समयमा आवश्यक मापदण्ड निर्धारण गरी तोक्न सक्नेछ।

(क) सवारीको यान्त्रिक स्थितिको सम्बन्धमा,

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा,

(ग) सवारीबाट हुन सक्ने प्रदूर्षणको सम्बन्धमा,

(घ) सवारीसाधन चलाउन सकिने अवधिको सम्बन्धमा।

(२) कुनै सवारी चलाउन सकिने स्थितिमा छ वा छैन भन्ने कुराको जाँचबुझ गरी सक्षमताको प्रमाणपत्र दिंदा वा जाँचपास गर्दा अधिकारप्राप्त अधिकारीले उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही जाँचबुझ गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सवारी चलाउन नसकिने देखिए सो कुराको आधार र कारण खुलाई सवारी धनीलाई अधिकारप्राप्त अधिकारीले तत्कालै लिखित जानकारी दिनुपर्नेछ।

२४. **<u>सवारी दर्ता गर्न इन्कार गर्न सकिने</u>:** (१) कुनै सवारी दर्ता गर्नका लागि दरखास्त परी सो सवारी दर्ता गर्ने सम्बन्धमा अधिकारप्राप्त अधिकारीले सो सवारीलाई दफा २३ मा तोकिएका मापदण्डका अधीनमा रही जाँचबुझ गर्दा त्यस्तो सवारी चलाउन सकिने स्थितिमा रहेको नदेखिएमा त्यस्तो सवारी दर्ता गर्न इन्कार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गर्नु परेमा अधिकारप्राप्त अधिकारीले सोको कारण र आधार खुलाई दरखास्तवालालाई तत्काल लिखित सूचना दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूर्षण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाइ वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारीसाधनको दफा १४ बमोजिम गरिने दर्ता रोक्का गर्न मनासिब देखेमा मन्त्रालयले कुनै वा सबै सवारी दर्ताको सम्बन्धमा यातायात व्यवस्था कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्ने आदेश दिन सक्नेछ।

२५. **<u>दर्ताको मान्यता</u>:** (१) यस ऐन बमोजिम कुनै अन्य प्रदेशमा दर्ता भएको सवारीसाधन कोशी प्रदेशमा पनि चलाउन सकिनेछ।

✂(२) ............

---

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

२६. **<u>जानकारी दिनुपर्ने</u>**: (१) अन्य प्रदेशमा दर्ता भएको सवारी कोशी प्रदेशभित्र प्रवेश गरेमा प्रवेश गरेको चौबिस घण्टाभित्र सो सवारीको धनी वा चालकले प्रदेश प्रवेश गर्दाको प्रहरी चेकपोष्टमा त्यसको जानकारी दिनुपर्नेछ र त्यस्तो जानकारीको अभिलेख राखी सम्बन्धित प्रहरी कार्यालयले अनिर्वाय रूपमा सोको सूचना नजिकको यातायात व्यवस्था कार्यालयलाई दिनुपर्नेछ। यातायात व्यवस्था कार्यालयले यथासम्भव त्यस्तो सूचनाको लगत आधुनिक प्रविधिको माध्यमबाट राख्नुपर्नेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **<u>सरुवा दर्ता</u>**: (१) अन्य प्रदेशमा दर्ता भएका सवारीसाधन कोशी प्रदेशमा स्थायी रूपमा चलाउनु परेमा त्यस्तो सवारीधनीले दर्ताको प्रमाणपत्र सहित हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो र तोकिए बमोजिमको दस्तुर समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकारप्राप्त अधिकारी समक्ष सरुवा दर्ताको लागि निवेदन दिनुपर्नेछ।

तर सम्बन्धित सवारीको उत्पादन वर्षबाट □<u>बिस</u> वर्ष म्याद नाघेको सवारीलाई कुनै किसिमले दर्ता गरिनेछैन।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले मापदण्ड बमोजिम त्यस्तो सवारीको जाँचबुझ गरी सरुवा दर्ता गर्न उपयुक्त देखेमा त्यस्तो सवारीको सरुवा दर्तागरी सवारीधनीलाई दर्ताको प्रमाणपत्र दिनुपर्नेछ। सरुवा दर्तागर्न नमिल्ने देखिएमा सोको आधार र कारण खुलाइ सवारीधनीलाई तत्काल अधिकारप्राप्त अधिकारीले लिखित जानकारी दिनुपर्नेछ।

२८. **<u>सवारीको लगत राख्नुपर्ने</u>**: अधिकारप्राप्त अधिकारीले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक सवारीधनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, आयात बिल, इन्जिन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजन इत्यादी समेत स्पष्ट रूपमा खुल्ने गरी दर्ता किताबमा लेख्न लगाइ सवारीको लगत अद्यावधिक राख्नुपर्नेछ। त्यस्तो दर्ता किताबको सम्बन्धित पानामा सवारीधनीको फोटो टाँसी सवारीधनी वा निजको वारेसको सहिछाप समेत गराइ राख्नु पर्नेछ।

२९. **<u>अनुमति नलिइ विदेशी सवारी चलाउन नहुने</u>**: (१) विदेशमा दर्ता भएको सवारी यस ऐन र प्रचलित कानून बमोजिम अनुमति नलिइ चलाउन पाइनेछैन।

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

*(२) उपदफा (१) बमोजिम अनुमति नलिई चलाएको पाइएमा वा भन्सार छलि वा चोरी पैठारीमा संलग्न भएको प्रमाणित भएमा वा चोरी गरी चलाएको पाइएमा वा स्वीकृति नलिई हेरफेर गरी चलाएमा त्यस्तो सवारीलाई जफत दर्ता गरिनेछ।

* (३) जफत दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **विदेशी सवारी चलाउन अनुमति दिने**: (१) विदेशमा दर्ता भएको सवारी प्रदेशभित्र चलाउने अनुमति मागेमा अधिकारप्राप्त अधिकारीले तोकिएको दस्तुर लिई *सार्वजनिक यातायात सेवा बाहेक तोकिएको प्रयोजनको लागि प्रचलित कानून बमोजिम बढीमा एक महिनासम्मको लागि त्यस्तो सवारी चलाउन अनुमति दिन सक्नेछ।

तर त्यस्तो सवारीलाई नेपालभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने अनुमति दिइनेछैन।

(२) विदेशी सवारी सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **दर्ताको प्रमाणपत्र नवीकरण**: (१) दफा १६ को उपदफा ✎(५) बमोजिम दर्ताको प्रमाणपत्रमा लेखिएको म्याद नाघेको 📖नब्बे दिनभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) सवारीधनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र सहितको दरखास्त अधिकारप्राप्त अधिकारी समक्ष पेस गर्नुपर्नेछ।

तर कुटनीतिक सुविधा प्राप्त अधिकारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्नेछैन।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाणपत्र सहितको दरखास्त पेस हुन आएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र अर्को एक वर्षको लागि नवीकरण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघेपछि दर्ताको प्रमाणपत्र नवीकरण गराउन दरखास्त दिने सवारीधनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

📖 पहिलो संशोधनबाट संशोधित ।

प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षका लागि पाँच सय प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ।

▽(४क) कर छुट प्राप्त सवारीले दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने कर र नवीकरण दस्तुर लिई नवीकरण गर्न सकिनेछ। यसरी नवीकरण गर्दा सवारी साधनमा लाग्ने दस्तुरमा दश प्रतिशत छुट दिइनेछ।

▽(४ख) कर छुट नभएका सवारीले दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा उपदफा (४क) बमोजिम छुट सुविधा प्राप्त गर्न सक्नेछन्।

तर पाँच वर्षको एकै पटक नवीकरण गराउँदा सम्बन्धित सवारीको तोकिए बमोजिमको आयु नबढ्ने गरी नवीकरण गर्नु पर्नेछ।

(५) सार्वजनिक सवारीसाधन नवीकरण गर्दा बौद्धिक सम्पत्तिको प्रयोग र संगीत रोयल्टी सम्बन्धमा तोकिए बमोजिम हुनेछ।

३२. **<u>अधिकारप्राप्त अधिकारीले सूचना गर्न सक्ने</u>ः** दफा ३१ को उपदफा (१) बमोजिमको म्यादभित्र दर्ताको प्रमाणपत्र नवीकरण गर्न नल्याएमा कुटनीतिक सुविधाप्राप्त सवारीको सम्बन्धमा अधिकारप्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कुटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न सूचना जारी गर्नसक्नेछ।

३३. **<u>नवीकरण सम्बन्धी विशेष व्यवस्था</u>ः** दफा ३१ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सवारी, संस्थानको सवारी, कुटनीतिक सुविधा प्राप्त सवारी, ✎<u>सार्वजनिक सवारी</u> र निजी सवारीको धनीले आफ्नो सवारीको दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर एकमुस्ट संलग्न राखी दर्ताको प्रमाणपत्र पेस गरेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ त्यसरी पाँच वर्षको लागि एकै पटक नवीकरण गर्ने सवारी साधनमा लाग्ने दस्तुरमा दश प्रतिशत छुट दिइनेछ।

तर त्यसरी पाँच वर्षको एकै पटक नवीकरण गर्दा सम्बन्धित सवारीको तोकिए बमोजिमको आयुको अवधि नबढ्ने गरी नवीकरण गर्नुपर्नेछ। साथै दुईपाङ्ग्रे सवारी (मोटरसाईकल, स्कुटर, मोपेड) साधन नवीकरण गर्दा दश वर्षसम्मको एकै

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

पटक नवीकरण गर्न सकिनेछ। त्यसरी एकै पटक नवीकरण गर्दा लाग्ने दस्तुरको दश प्रतिशत छुट दिइनेछ।

३४. **<u>दर्ताको प्रमाणपत्र स्वतः रद्द हुने</u>:** (१) दफा ३१ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएको दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र रद्द भएको सवारीको लगत दर्ता किताबबाट कट्टा हुनेछ र त्यस्ता सवारीसाधन चलाउन पाइनेछैन।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भइसकेको दर्ताको प्रमाणपत्र नवीकरण गरिनेछैन।

३५. **<u>पुनः दर्ता हुन सक्ने</u>:** दफा ३४ बमोजिम दर्ताको प्रमाणपत्र रद्द भई लगत कट्टा भएको सवारी पुनः दर्ताको लागि ल्याएमा दफा ३१ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा ३१ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिबानासमेत लिई त्यस्तो सवारी दफा १६ बमोजिम दर्ता गरी सवारीधनीलाई अर्को दर्ताको प्रमाणपत्र दिनुपर्नेछ र त्यसरी प्रमाणपत्र प्राप्त गरेपछि सवारी चलाउन सकिनेछ।

३६. **<u>सवारीधनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने</u>:** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारीको धनीको स्थायी ठेगाना बदिलएमा एक महिनाभित्र दर्ताको प्रमाणपत्र समेत संलग्न राखी सो कुराको सूचना अधिकारप्राप्त अधिकारीलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकारप्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाई दर्ता किताबमा समेत सच्याउनु पर्नेछ।

३७. **<u>सवारीको नामसारी</u>:** (१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा दुई महिनाभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाणपत्र र सवारी साधनको कर तिरेको प्रमाण समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) कुनै सवारी धनी अशक्त भई कार्यालयमा उपस्थित हुन नसक्ने भएमा वा कानून बमोजिम अदालत वा न्यायिक निकायको आदेशमा करागारमा बन्दी भएमा त्यस्तो सवारी धनीको नजिकको हकवालाले सवारी नामसारी वा हस्तान्तरणका लागि दरखास्त दिनसक्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा अधिकारप्राप्त अधिकारीले कम्तीमा पाँचौ तहको कर्मचारी खटाई सम्बन्धित सवारीधनी भएको स्थानमा गई

दरखास्तको बेहोरा हो, होइन यकिन गर्न सवारी धनीलाई कुनै दुई जना साक्षीको रोहवरमा सहिछाप गराई सोको प्रतिवेदन प्राप्त गर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि प्राप्त प्रतिवेदन समेतको 📖आधार लिई अधिकारप्राप्त अधिकारीले उपदफा (२) को दरखास्त बमोजिमको नामसारी गरी दिनसक्नेछ।

(५) विदेशमा रहेको कुनै नेपाली नागरिकले आफ्नो सवारीसाधन अन्य कसैको नाममा नामसारी गर्न चाहेमा सम्बन्धित देशको नेपाली राजदूतावास, वाणिज्य दूतावासबाट प्रमाणित रीतपूर्वकको वारेशनामा प्राप्त भएमा र त्यस्तो वारेशनामा उचित देखिएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारीसाधन नामसारी गरी दिन सक्नेछ र त्यस्तो नामसारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) सवारीधनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारीधनीको मृत्यु भएको मितिले नव्वे दिनभित्र सवारीधनीको मृत्यु भएको प्रमाणपत्र, दर्ताको प्रमाणपत्र र सवारीसाधनको कर तिरेको निस्सा तथा आफू सबैभन्दा नजिकको हकवाला हो भन्ने समेतको प्रमाण संलग्न राखी त्यस्तो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(७) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको बेहोरा जनाई नामसारी गरी दिनुपर्नेछ।

(८) उपदफा (२) बमोजिमको नामसारीको लागि एकभन्दा बढी हकवालाको दरखास्त परेमा ती सबै हकबालाको नाममा त्यस्तो सवारी संयुक्त रूपमा दर्ता गरी नामसारी गर्नुपर्नेछ।

(९) संयुक्त नामसारीका सम्बन्धमा कुनै विवाद परे प्राप्त प्रमाण र सम्बन्धित स्थानीय तहको सिफारिस समेतको आधारमा सो विवादको निरूपण गर्ने अधिकार अधिकारप्राप्त अधिकारीको हुनेछ र अधिकारप्राप्त अधिकारीले गरेको निर्णयमा चित नबुझे सम्बन्धित पक्षले क्षेत्राधिकार भएको अदालतमा उजुर गर्नसक्नेछ।

(१०) उपदफा (६) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको बेहोरा दर्ता किताबमा जनाउनु पर्नेछ।

---

📖 पहिलो संशोधानद्वारा संशोधित

(११) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा अधिकारप्राप्त अधिकारीले जाँचबुझ गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

* (१२) नयाँ लिने पुरानो दिने (बाइ व्याक मेथड) तोकिए बमोजिम हुनेछ।

*(१३) कम्पनी कानून बमोजिम स्थापना भएका संस्थाहरूले आफ्नो प्रयोजनको लागि खरिद गरी आफ्नो नाममा रहेका सवारी साधनहरूको बिक्री पश्चात् नामसारी गर्दा सम्बन्धित कम्पनी वा संस्थाको प्रबन्धपत्र, विनियम वा नियमावलीमा उल्लिखित बिक्री प्रक्रिया अनुसारका सम्पूर्ण कागजातहरूसहित बिल/भौचर/रसिद पेस गर्नु पर्नेछ।

(१४) सवारी नामसारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **दर्ता परिवर्तन गर्न नहुने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालवाहक सवारीको रूपमा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई यात्रुवाहक सवारीमा दर्ता परिर्वतन गरी प्रमाणपत्र दिइनेछैन।

३९. **स्वीकृति नलिई हेरफेर गर्न नहुने**: (१) सवारीधनीले अधिकारप्राप्त अधिकारीको स्वीकृति नलिई रङ्ग, सीट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिर्वतन वा हेरफेर गर्न पाउने छैन।

तर सवारीमा सामान्य पार्ट-पूर्जा परिवर्तन गर्न भने कुनै बाधा पुऱ्याएको मानिने छैन।

***स्पष्टीकरण**: सामान्य पार्टपुर्जा परिवर्तन भन्नाले उपदफा (१) बमोजिम रङ्ग, सीट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन नहुने गरी सवारीमा सामान्य मर्मत सम्भार भन्ने बुझ्नु पर्छ।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्नु परी स्वीकृति मागेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो हेरफेर गर्नुपर्ने कारण मनासिब देखेमा हेरफेर गर्ने स्वीकृति दिनुपर्नेछ।

तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेशन) मा परिर्वतन गर्ने गरी स्वीकृति दिइनेछैन।

(३) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिंदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लिइनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

*(४) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा जेसुकै कुरा लेखिएको भए तापनि संघीय कानून बमोजिम तोकिएको अवधिसम्म लागु हुने गरी इन्धन प्रणालीमा वातावरण मैत्री वा ऊर्जा दक्षतामूलक फेरवदल गरिने सवारी साधनको हकमा छुट दिइनेछ।

४०. **दर्ताको प्रमाणपत्र स्थगित गर्न सक्नेः** (१) अधिकारप्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारीको दर्ताको प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने गरी आदेश दिन सक्नेछ।

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानी नोक्सानी हुने देखिएमा सो सवारी सन्तोषप्रद रूपमा मर्मत नगरेसम्मको अवधिको लागि।

(ख) सवारीधनीले यस ऐन बमोजिम पूरा गर्नुपर्ने कुनै सर्त पूरा नगरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको परिधिभित्र रही अधिकारप्राप्त अधिकारीले दिएको आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्मको लागि।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गर्ने गरी सवारीधनीलाई आदेश दिंदा अधिकारप्राप्त अधिकारीले सोको कारण समेत स्पष्टरूपमा खुलाएको हुनु पर्नेछ र स्थगित गर्नुको कारण सवारी धनीलाई जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकारप्राप्त अधिकारीले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई समेत दिनुपर्नेछ र प्रहरी कार्यालयले त्यस्तो जानकारीको अभिलेख राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकारप्राप्त अधिकारीले आदेश दिएको मितिले सात दिनभित्र सवारीधनीले दर्ताको प्रमाणपत्र अधिकारप्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ र नबुझाएमा यस ऐन बमोजिम अधिकारप्राप्त अधिकारीले जरिबानागर्न सक्नेछ।

(५) अधिकारप्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारीधनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै तत्काल फिर्ता गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाणपत्र सवारीधनीलाई फिर्ता दिंदा अधिकारप्राप्त अधिकारीले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र सोको

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

कारण समेत स्पष्ट जनाई सो कुराको अभिलेख दर्ता किताबमा समेत जनाउन लगाउनु पर्नेछ।

४१. **<u>दर्ताको प्रमाणपत्र खारेज गर्ने</u>:** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै किसिमले नासिएमा वा चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंको लागि नेपाल बाहिर लगिएमा वा सो सवारी सञ्चालन गर्न सक्ने तोकेको अवधि पूरा भई पत्रु गरिएमा सवारीधनीले पैंतीस दिनभित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको लगत कट्टा गर्न अधिकारप्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ।

तर पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लानु परेमा सवारीधनीले अधिकारप्राप्त अधिकारीको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी बेहोरा साँचो देखेमा त्यस्तो दर्ताको प्रमाणपत्र खारेज गरी सोको बेहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नुपर्नेछ र त्यस्तो लगत कट्टाको जानकारी सवारीधनीलाई दिनु पर्नेछ।

(३) दर्ता प्रमाणपत्र खारेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **<u>सवारी कर तथा नवीकरण दस्तुर मिन्हा दिने</u>:** यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री एक वर्षभन्दा बढी अवधिसम्मका लागि चल्न वा चलाउन नसकिने भएमा सवारीधनीले सो बेहोरा खुलाई दर्ताको प्रमाणपत्रको साथ त्यस्तो कुराको प्रमाण पेस गरेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खिची सो सवारी चलाउन नसकिने अवधिसम्मको लागि सो सवारीको धनीले तिर्नुपर्ने नवीकरण दस्तुर मिनाहा दिन सक्नेछ। र त्यस्तो सवारीसाधनमा लाग्ने वार्षिक करमा समेत तीस प्रतिशत छुट दिन सकिनेछ।

४३. **<u>दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिने</u>:** (१) दर्ताको प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले □<u>साठी दिनभित्र</u> सवारीधनीले अधिकारप्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबिन गर्दा बेहोरा उचित देखेमा अधिकारप्राप्त अधिकारीले सवारीधनीलाई त्यस्तो दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनुपर्नेछ।

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

×(३)...............

४४. **विवरण पेस गर्नुपर्नेः** (१) विदेशबाट सवारी पैठारी गर्ने वा स्वदेशमा उत्पादन गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले पैठारी गरेको वा उत्पादन गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम र निर्माताको नाम समेत उल्लेख गरी त्यस्तो सवारीहरूमध्ये कुन सवारी कहिले उत्पादन गरेको वा कसलाई बिक्री गरेको, आफूले पैठारी र उत्पादन गरी बाँकी रहेको सवारी मध्ये कति सवारी मौज्दात रहेको छ भन्नेसमेत खुलाई प्रत्येक महिना अधिकारप्राप्त अधिकारी समक्ष विवरण पेस गर्नुपर्नेछ।

(२) अधिकारप्राप्त अधिकारीले विदेशबाट सवारी पैठारी गर्दा वा उत्पादन गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी, वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरणहरूको अतिरिक्त सवारी पैठारी तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न सक्नेछ। त्यसरी मागिएको विवरण तथा कागजात तुरुन्त उपलब्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ।

## परिच्छेद-४

## चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४५. **सवारी चलाउन नहुनेः** कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि किसिमको सवारी चलाउन हुँदैन।

४६. **सवारी चलाउन दिन नहुनेः** कसैले आफ्नो स्वामित्व वा आफ्नो जिम्मामा रहेको कुनै सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिनु हुँदैन।

४७. **चालकको लागि अयोग्यताः** देहायको व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिने छः-

(क) ठूलो सवारीको निमित्त एक्काईस वर्ष उमेर पूरा नभएको व्यक्ति,

(ख) मझौला सानो सवारीको निमित्त अठार वर्ष उमेर पूरा नभएको व्यक्ति,

तर मोटर साइकल तथा त्यस्तै अन्य सानो दुइपाङ्ग्रे सवारीको निमित्त सोह्र वर्ष उमेर पुगेको व्यक्तिले चालक अनुमतिपत्र प्राप्त गर्न सक्नेछ,

(ग) छारे रोग भएको वा मानसिक सन्तुलन गुमाएको वा एका एक रिङ्गटा लाग्ने वा मूर्छा पर्ने हुने किसिमको रोग भएको व्यक्ति,

× केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट झिकिएको

(घ) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको व्यक्ति,

(ङ) साधारण ध्वनि सङ्केत, आवाज सुन्न सक्ने क्षमता गुमाएको ब्यक्ति साथै एउटा वा दुवै आँखा नदेख्ने व्यक्ति वा,

(च) रातो, हरियो, पहेलो इत्यादी रङहरू तुरुन्त छुट्याउन नसक्ने दृष्टिदोष भएको व्यक्ति,

⊠(छ) ......................

(ज) रतन्धो भएको व्यक्ति, वा

(झ) हात खुट्टा शक्तिहीन भै काम दिन नसक्ने भएको व्यक्ति,

तर अपाङ्गता भएको व्यक्तिको निमित्त खास किसिमले बनेको सवारीको लागि यो खण्डको बन्देज लागु हुनेछैन।

(ञ) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि शारीरिक आपाङ्गता भएको व्यक्तिको सन्दर्भमा नेपाल सरकारबाट मान्यता प्राप्त विशेषज्ञ चिकित्सकले सवारी चलाउन योग्य छ भनी सिफारिस गरेको व्यक्ति चालकको लागि योग्य मानिनेछ।

४८. **चालक अनुमतिपत्रको लागि दरखास्तः** (१) दफा ४७ बमोजिमको अयोग्यता नभएको ब्यक्तिले कुनै सवारी चलाउन चालक अनुमतिपत्र लिन चाहेमा *कानून बमोजिम तोकिएको ढाँचा✂... *विद्युतीय प्रविधिको माध्यमबाट अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ दरखास्तवालाले चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ✂..... र नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरिदिएको निरोगिताको प्रमाणपत्र ✂.... समेत संलग्न गर्नुपर्नेछ। ✂.....

(३) ✂.........

४९. **दरखास्तवालाको परीक्षणः** (१) दफा ४८ बमोजिम दरखास्त परेपछि दरखास्तवाला त्यस्तो सवारी चलाउन समर्थ छ, छैन र निजलाई सवारी सम्बन्धी ऐन, कानून तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान छ, छैन भन्ने कुराको यकिन गर्न परीक्षा लिनु पर्नेछ। □त्यसरी लिने परीक्षाको विषय परीक्षा सञ्चालन प्रक्रिया यस ऐन, ऐन

---

⊠ पहिलो संशोधनबाट झिकिएको

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

अन्तर्गतको नियम वा निर्देशिका बमोजिम परीक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने दरखास्तवालाले तोकिए बमोजिम पुनः दरखारस्त दिन पाउनेछ।

**५०. चालक अनुमतिपत्र दिनेः** (१) दफा ४९ बमोजिम परीक्षा लिई सफल भएका दरखास्तवालालाई अधिकारप्राप्त अधिकारीले अनुसूची-५ बमोजिमको ढाँचामा चालक अनुमतिपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिंदा सो अनुमतिपत्रमा ठूलो, मझौला, सानो वा ती मध्ये कुनै वा सबै सवारी चलाउन दिइएको हो भन्ने कुरा स्पष्ट रूपमा जनाउनु पर्नेछ। चालक अनुमतिपत्र सुरुमा एक वर्षको लागि परीक्षणकालमा रहने गरी दिईनेछ।

*(३) परीक्षणकालभित्र चालकले यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने सर्तको उल्लङ्घन पाँच पटकभन्दा बढी नगरेमा अधिकारप्राप्त अधिकारीले निजको चालक अनुमतिपत्र स्थायी रूपमा परिणत गरी दिनुपर्छ।

*(४) उपदफा (२) बमोजिम चालकले परीक्षण कालभित्र बढीमा □पाँचपटक सर्तहरू उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारी चालकको चालक अनुमतिपत्र छ महिनाको लागि निलम्बन गर्न सक्नेछ।

*(५) उपदफा (२) बमोजिम चालकले परीक्षण कालभित्र दस पटक भन्दा बढी सर्तहरू उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारी चालकको चालक अनुमतिपत्र पुनः प्राप्त गर्न अयोग्य नठहरिने गरी निजको चालक अनुमतिपत्र खारेज गर्न सक्नेछ।

*(६) उपदफा (२) बमोजिम सवारी चालकले परीक्षण कालभित्र गर्नुपर्ने सर्तहरू उल्लङ्घन गरे नगरेको सम्बन्धमा अद्यावधिक अभिलेखीकरण गरिनेछ र सोको प्रयोजनार्थ मापदण्डहरू तोकिए बमोजिम हुनेछ।

✎(७) निजी तथा सार्वजनिक सवारी चलाउने चालकलाई दिइने चालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

**५१.** **विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यताः** (१) कसैले विदेशी राष्ट्रबाट चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने सो अनुमतिपत्रमा लेखिएको सवारी चलाउने व्यक्तिले दफा ४८ बमोजिम दरखास्त दिएमा *अधिकारप्राप्त अधिकारीले त्यस्तो व्यक्तिबाट चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई चालक अनुमतिपत्र दिन सक्नेछ। तर त्यस्तो व्यक्तिले चालक अनुमतिपत्र लिन कुनै परीक्षा दिनु पर्ने छैन।

*(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिको विदेशको सवारी चालक अनुमतिपत्रको वर्ग नेपालको सवारी चालक अनुमतिपत्रको वर्गसँग मेल नखाएमा प्रयोगात्मक परीक्षा लिई सफल दरखास्तवालालाई मात्र अधिकारप्राप्त अधिकारीले चालक अनुमतिपत्र दिनुपर्नेछ।

✎(३) विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५२.** **अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र स्वतः मान्य हुनेः** (१) अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको सवारीहरू नेपालभर चलाउन पाउनेछ।

(२) अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५३.** **चालक अनुमतिपत्रको बैधताः** (१) दफा ५० बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा लेखिएका सवारीहरू मात्र चलाउन पाउनेछ।

(२) चालक अनुमतिपत्र दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

(३) चालक अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५४.** **चालक अनुमतिपत्रमा अरू सवारी समावेश गर्नेः** (१) कुनै चालकले आफूले पाएको चालक अनुमतिपत्रमा लेखिएका सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन चाहेमा समावेश गराउन चाहेको सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी अधिकारप्राप्त अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा परीक्षा समितिले चालक अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी चालकले चलाउन सक्छ, सक्तैन भन्ने कुराको यकिन गर्न यस ऐन बमोजिम निजको प्रयोगात्मक परीक्षा मात्र लिए पुग्नेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(३) उपदफा (२) बमोजिम परीक्षा लिँदा सफल भएमा चालकको अनुमतिपत्रमा निजले समावेश गराउन चाहेको सवारी समावेश गरी अधिकारप्राप्त अधिकारीले नयाँ चालक अनुमतिपत्र दिनुपर्नेछ।

⊕(३क) चालक अनुमतिपत्रमा अरु सवारी समावेश गर्न चाहने चालकले मान्यता प्राप्त स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र अधिकारप्राप्त अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

**५५. चालक अनुमतिपत्रको नवीकरणः** (१) दफा ५३ को उपदफा (१) बमोजिम चालक अनुमतिपत्रमा लेखिएको म्याद नाघेको □नब्बे दिनभित्र त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराई सक्नुपर्नेछ।

(२) चालकले उपदफा (१) बमोजिमको म्यादभित्र चालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि चालक अनुमतिपत्र पेस हुन आएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमतिपत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्मको लागि दुई सय प्रतिशत, तीन वर्षसम्मको लागि तीन सय प्रतिशत, चार वर्षको लागि चार सय प्रतिशत र पाँच वर्षको लागि पाँच सय प्रतिशत थप दस्तुर लिई चालक अनुमतिपत्र नवीकरण गर्न सकिनेछ।

**५६. चालक अनुमतिपत्र स्वतः रद्द हुनेः** (१) दफा ५५ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको चालक अनुमतिपत्रको लगत दर्ता किताबबाट कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भइसकेको चालक अनुमतिपत्र नवीकरण गरिने छैन।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि चालक अनुमतिपत्र रद्द भएको सवारी चालकले दफा ५० बमोजिमको नयाँ अनुमतिपत्र लिन भने कुनै बाधा पर्नेछैन।

---

⊕ पहिलो संशोधनद्वारा थपिएको

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

**५७. नवीकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेस गर्नु पर्नेः** सवारी चलाउने चालकले चालक अनुमतिपत्र नवीकरण गराउँदा मान्यता प्राप्त स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्रसमेत अधिकारप्राप्त अधिकारी समक्ष पेस गर्नुपर्नेछ।

**५८. चालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्नेः** (१) चालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अधिकारप्राप्त अधिकारीलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकारप्राप्त अधिकारीले साविकको ठेगाना वदर गरी चालकको नयाँ ठेगाना दर्ता किताबमा जनाउन लगाउनु पर्नेछ।

**५९. चालक अनुमतिपत्र निलम्बन गर्न सकिनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम चालकले पालन गर्नुपर्ने सर्तहरू *पाँच पटक भन्दा बढी दस पटकसम्म उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमतिपत्र ✎छ महिनाको लागि निलम्बन गर्न सक्नेछ।

**६०. चालक अनुमतिपत्र खारेज गर्न सक्नेः** (१) कुनै चालकमा दफा ४७ मा लेखिएको कुनै अयोग्यता भएको प्रमाणित भएमा वा झुठा विवरण पेस गरी सवारी चालक अनुमतिपत्र लिएको पाईएमा अधिकारप्राप्त अधिकाले त्यस्तो चालकको चालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र चालकले आफ्नो अनुमतिपत्र अधिकारप्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनुपर्नेछ।

**६१. चालक अनुमतिपत्रको प्रतिलिपि दिनेः** (१) चालक अनुमतिपत्र □को कुनै विवरण सच्याउन परेमा, हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा कुनै कारणबाट नासिएमा सात दिनभित्र चालकले सम्बन्धित अधिकारप्राप्त अधिकारी समक्ष चालक अनुमतिपत्र प्रतिलिपिका लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको परेको दरखास्त उपर आवश्यक छानबिन गरी बेहोरा ठीक देखेमा अधिकारप्राप्त अधिकारीले चालकलाई चालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

(३) उपदफा (२) बमोजिम चालक अनुमतिपत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकारप्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

## परिच्छेद-५

## परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

६२. **अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुनेः** कुनैपनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीमा परिचालकको काम गर्नुहुदैन।

६३. **परिचालकको काम लगाउन नहुनेः** (१) परिचालक अनुमतिपत्र प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम परिचालक अनुमतिपत्र नलिई परिचालकको काम गरेको पाइए निरीक्षण अधिकृत वा ट्राफिक प्रहरीले पहिलो पटकको हकमा सचेत गराउने र पुनः त्यस्तो पाइएमा त्यस्तो सवारीबाट हटाई सवारीधनी वा व्यवस्थापकलाई यस ऐन बमोजिम जरिबानाहुनेछ।

६४. **परिचालकको लागि अयोग्यताः** देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य हुनेछ।

(क) अठार वर्ष नपुगेको,

(ख) साधारण लेखपढ गर्न नजान्ने,

(ग) निरोगिताको प्रमाणपत्र पेस गर्न नसक्ने।

६५. **परिचालक अनुमतिपत्रको लागि दरखास्त दिनेः** [□](१) दफा ६४ बमोजिम योग्य नभएको व्यक्तिले कुनै सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ। यसरी निवेदन दिँदा तोके बमोजिमको दस्तुर र दस्तुर नतोकिएको भएमा तीन सय रुपैयाँ बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ दरखास्तवालाले परिचालक अनुमतिपत्रका लागि तोकिएको दस्तुर हालसालै खिचिएको आफ्नो दुईप्रति पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ।

६६. **परिचालक अनुमतिपत्र दिनेः** (१) दफा ६४ बमोजिमको योग्यता भएको व्यक्तिले परिचालकको लागि दरखास्त दिएमा सम्बन्धित स्थानीय तहको कार्यालयले आवश्यक

---

[□] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

जाँचबुझ गरी दरखास्तसाथ संलग्न बेहोरा साँचो देखिएमा दरखास्तवालालाई अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ र त्यसको जानकारी सम्बन्धित यातायात व्यवस्था कार्यालयमा र नजिकको ट्राफिक प्रहरी कार्यालय वा प्रहरी कार्यालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्ष सम्म बहाल रहनेछ।

(३) परिचालक अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६७. **परिचालक अनुमतिपत्र स्वतः रद्द हुने**: (१) यस ऐन वा नियम बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरेमा परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

तर निजले नयाँ परिचालक अनुमतिपत्रको लागि दरखास्त दिन यो दफाले कुनै बाधा पार्नेछैन।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्रको लगत अधिकार प्राप्त अधिकारीले दर्ता किताबबाट कट्टा गर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भइसकेको परिचालक अनुमतिपत्र नवीकरण गरिनेछैन।

६८. **परिचालकको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने**: (१) परिचालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अनुमति दिने कार्यालयलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित कार्यालयले परिचालकको नयाँ ठेगाना समेत दर्ता किताबमा जनाउन लगाउनु पर्नेछ।

६९. **परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिने**: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिचालकले पालना गर्नुपर्ने आवश्यक सर्तहरू पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो परिचालक अनुमतिपत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

७०. **परिचालक अनुमतिपत्र खारेज हुने**: दफा ६४ मा लेखिए बमोजिम कुनै अयोग्य परिचालक भएको प्रमाणित भएमा सम्बन्धित कार्यालयले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र खारेज गर्न सक्नेछ।

७१. **परिचालक अनुमतिपत्रको प्रतिलिपि दिने**: (१) परिचालक अनुमतिपत्र हराएमा वा अन्य कुनै कारणबाट नासिएमा सात दिनभित्र परिचालकले

---

केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

□<u>अधिकार प्राप्त अधिकारी</u> समक्ष परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर आवश्यक छानबिन गरी बेहोरा ठीक देखेमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले परिचालकलाई अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

*(३) उपदफा (२) बमोजिम परिचालक अनुमतिपत्रको प्रतिलिपि जारी गरिएको सूचना अधिकारप्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

## परिच्छेद-६

## <u>यातायात व्यवस्थापन</u>

**७२.** **<u>बाटो निर्धारण गर्ने</u>:** मन्त्रालयले उपयुक्त देखेको ठाँउमा आवश्यकतानुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न बाटो निर्धारण *<u>दफा १५१ (१) बमोजिम यातायात व्यवस्थापन समितिले स्थानीय यातायात व्यवस्थापन समितिसँग परामर्श गरी सो समितिको निर्णय बमोजिमको सडकमा मात्र सार्वजनिक सवारीको अनुमति प्रदान गरिनेछ।</u> सोको सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशित गर्नुपर्नेछ।

**७३.** **<u>बाटो इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुने</u>:** दफा ७२ बमोजिम निर्धारित बाटोमा बाटो इजाजतपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्न पाउनेछैन।

**७४.** **<u>बाटो इजाजतपत्रको लागि दरखास्त</u>:** यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै बाटो प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारीधनीले तोकिएको ढाँचामा अधिकारप्राप्त अधिकारी समक्ष बाटो इजाजतपत्रको लागि तोकिएको दस्तुर सहित दरखास्त दिनुपर्नेछ।

तर ई-रिक्सा (तीन पाङग्रे) को हकमा सम्बन्धित स्थानीय तहमा दरखास्त दिनुपर्नेछ।

**७५.** **<u>बाटो इजाजतपत्र दिनुपर्ने</u>:** (१) दफा ७४ बमोजिम बाटो इजाजतपत्रको लागि दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले दफा ७७ को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा प्रयोग गर्न अनुसूची-६ बमोजिमको ढाँचामा बाटो इजाजतपत्र दिनुपर्नेछ।

तर तीनपाङग्रे ई-रिक्साको बाटो इजाजतपत्र सम्बन्धमा अधिकार प्राप्त अधिकारीले निर्धारण गरेबमोजिम हुनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

(२) उपदफा (१) बमोजिम दिइएको बाटो इजाजतपत्र त्यस्तो इजाजतपत्र दिइएको मितिले छ महिनासम्म बहाल रहनेछ।

७६. **बाटो इजाजतपत्र दिँदा जाँच्नुपर्ने कुराहरूः** दफा ७५ बमोजिम कुनै सार्वजनिक सवारीलाई बाटो इजाजतपत्र दिंदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराहरू पूरा गरे नगरेको अधिकारप्राप्त अधिकारीले जाँचबुझ गरी पूरा गरेको भए त्यस्तो सार्वजनिक सवारीलाई बाटो इजाजतपत्र दिनुपर्नेछ।

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी तथा सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको बिमा र चालक एवम् परिचालकको अनुमतिपत्र,

(ख) सवारीको जाँचपास,

(ग) दर्ताको प्रमाणपत्र नवीकरण।

७७. **बाटो परिर्वतन गर्नु परेमाः** (१) बाटो इजाजतपत्रको अवधि समाप्त नहुँदै सो बाटो इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै बाटोमा प्रयोग गर्नु परेमा सवारीधनी वा व्यवस्थापकले पुनः बाटो इजाजतपत्रको लागि दरखास्त दिई बाटो इजाजतपत्र लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको बाटो इजाजतपत्र खारेज गरी नयाँ बाटोको इजाजतपत्र दिनुपर्नेछ।

७८. **पटके बाटो इजाजतपत्रः** (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई बाटो इजाजतपत्रमा लेखिएको बाटो बाहेक अन्य कुनै बाटोमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके बाटो इजाजतपत्रको लागि तोकिएको ढाँचमा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी बेहोरा ठीक देखेमा □सात दिनको पटके बाटो इजाजतपत्र दिन सक्नेछ।

(३) पटके बाटो इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७९. **बाटो इजाजतपत्र दिन इन्कार गर्न सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्न बाटो इजाजतपत्र

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

प्रदान गर्दा त्यस्तो बाटोमा यात्रीको चाप र यातायात सेवामा संलग्न सार्वजनिक सवारीको संख्यालाई हेर्दा फेरी अर्को सवारीको निमित्त सोही बाटो इजाजतपत्र प्रदान गर्न आवश्यक नदेखिएमा वा प्रदूर्षण वा अन्य कुनै कारणबाट कुनै सार्वजनिक सवारीको निमित्त बाटो इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकुल हुन जान्छ भन्ने अधिकारप्राप्त अधिकारीलाई लागेमा निजले व्यवस्थापन समितिसँग परामर्श गरी बाटो इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

तर इन्कार गर्नुको कारणसमेत खुलाई सम्बन्धित सवारीधनीलाई तत्काल सूचना दिनुपर्नेछ।

(२) मध्यम बाटो र लामो बाटोको यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारी तथा त्यसमा यात्रा गर्ने यात्री एवम् काम गर्ने कर्मचारी समेतको सुरक्षालाई ध्यानमा राखी त्यस्तो बाटोमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तर तोकिए बमोजिम हुनेछ। अधिकारप्राप्त अधिकारीले तोकिएको स्तर नभएका सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा यातायात सेवा सञ्चालन गर्ने बाटो इजाजतपत्र दिन इन्कार गर्नसक्नेछ।

८०. **<u>बहुबाटो इजाजत दिन सक्ने</u>:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीले यातायात सेवा पुऱ्याइरहेको बाटोमा कुनै असर नपर्ने गरी सो बाटोसँग सम्बन्धित हुन आउने अन्य बाटोमा समेत उक्त सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी अधिकारप्राप्त अधिकारीले बाटो इजाजत दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एक भन्दा बढी बाटोमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी बहुबाटो इजाजत दिंदा त्यस्तो प्रत्येक बाटोको लागि लाग्ने तोकिएको दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ।

८१. **<u>बाटो इजाजतपत्र नवीकरण</u>:** (१) दफा ७५ को उपदफा (२) बमोजिम बाटो इजाजतपत्रमा लेखिएको म्याद नाघेको पन्ध्र दिनभित्र त्यस्तो बाटो इजाजतपत्र नवीकरण गराई सक्नुपर्नेछ।

(२) सवारीधनी, व्यवस्थापक वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम बाटो इजाजतपत्र नवीकरण गराउनको लागि तोकिएको ढाँचामा तोकिए बमोजिमको दस्तुर समेत संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो बाटो इजाजतपत्र अर्को छ महिनाको लागि नवीकरण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी बाटो इजाजतपत्र नवीकरणका अतिरिक्त सवारीधनीबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरणको दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो बाटो इजाजतपत्र नवीकरण गर्नुपर्नेछ।

८२. **बाटो इजाजतपत्र स्वतः रद्द हुनेः** (१) दफा ८१ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो बाटो इजाजतपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको बाटो इजाजतपत्रको लगत कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भइसकेको बाटो इजाजतपत्र नवीकरण गरिनेछैन।

८३. **पुनः बाटो इजाजतपत्र दिन सकिनेः** दफा ८२ बमोजिम रद्द भई लगत कट्टा भएको बाटो इजाजतपत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः बाटो इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा ८१ बमोजिम लिनुपर्ने नवीकरण तथा थप दस्तुर समेत लिई ✎तीन हजार रुपैयाँ जरिबानागरी त्यस्तो सवारी चलाउन दफा ७५ बमोजिम अर्को बाटो इजाजतपत्र दिनुपर्नेछ।

८४. **बाटो इजाजतपत्र स्थगित गर्न सकिनेः** (१) यस ऐन बमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री चार महिना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारीधनीले सो बेहोरा खुलाई बाटो इजाजतपत्र संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष त्यस्तो बाटो इजाजतपत्र स्थगित गर्नका लागि दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधि सम्मका लागि त्यस्तो सवारीको बाटो इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) बाटो इजाजतपत्रमा तोकेको बाटोमा सार्वजनिक सवारीसाधन सञ्चालन नगरी जनजीवनमा प्रतिकुल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा प्रदेश सरकारले त्यस्ता सवारीको बाटो इजाजतपत्र बढीमा तीन महिनासम्मको लागि स्थगित गर्न सक्नेछ।

८५. **बाटो इजाजतपत्र रद्द गर्न सकिनेः** (१) यस ऐन बमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा वा सधैंको लागि

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

विदेश गएमा वा त्यस्तो सवारी चलाउन पाउने अवधि समाप्त भएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी बाटो इजाजतपत्रको मान्यता रद्द गराउन अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले बाटो इजाजत पत्र रद्द गरी सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ।

८६. **<u>बाटो इजाजतपत्रको प्रतिलिपि दिने</u>**: (१) बाटो इजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिनभित्र सवारीधनी वा व्यवस्थापकले बाटो इजाजतपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुरसमेत संलग्न राखी सम्बन्धित अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी बेहोरा ठीक देखेमा दरखास्तवालालाई बाटो इजाजतपत्रको प्रतिलिपि दिनेछ।

(३) उपदफा (२) बमोजिम बाटो इजाजतपत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकारप्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

८७. **<u>जाँचपास गराउनुपर्ने</u>**: (१) कुनै पनि सार्वजनिक सवारीको बाटो इजाजतपत्र लिन यस ऐन बमोजिम त्यस्तो सवारीको जाँचपास गराएको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराई कुनै पनि सार्वजनिक सवारीको लागि बाटो इजाजतपत्र दिइनेछैन।

८८. **<u>जाँचपासको लागि दरखास्त</u>**: जाँचपास गराउन चाहने सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले जाँचपासको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

८९. **<u>जाँचपास प्रमाणपत्र दिनुपर्ने</u>**: (१) दफा ८८ बमोजिम दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी जाँच्न लगाई त्यस्तो सवारीको यान्त्रिक स्थिति र स्वरूप ठीक देखिएमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्यता छ महिनासम्मको लागि हुनेछ। ▽<u>तर ई-रिक्साको जाँचपासको प्रमाणपत्रको मान्यता एक वर्षसम्मको लागि हुनेछ</u>।

(३) उपदफा (२) बमोजिम सवारीको अवस्था ठीक नदेखी जाँचपासको प्रमाणपत्र दिन नसकिने भएमा सवारी धनीलाई सोको जानकारी दिनुपर्नेछ।

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

**९०. पुनः जाँचपास गराउनु पर्ने:** (१) दफा ८९ को उपदफा (२) मा लेखिएको म्याद नाघेको मितिले सात दिनभित्र ×..... अधिकारप्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि दरखास्त दिई जाँचपास गराउनुपर्नेछ।

(२) उपदफा (१) मा लेखिएको म्यादसम्म पुनः जाँचपास नगराएमा सो म्याद नाघेको पैंतिस दिनभित्र त्यस्तो सवारी जाँचपास गराउन ल्याएमा जाँचपासको लागि लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर समेत लिई त्यस्तो सवारी जाँचपास गरी दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि जाँचपास नगराएमा त्यस्तो जाँचपासको प्रमाणपत्र स्वतः रद्द हुनेछ। यसरी जाँचपासको प्रमाणपत्र रद्द भएको सार्वजनिक सवारी 🕮पुनः म्याद समाप्त भएपछि जाँचपास गराउन ल्याएमा सवारी धनी वा व्यवस्थापकबाट उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँच हजारसम्म थप जरिबानालिई त्यस्तो सवारी पुनः जाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनुपर्नेछ।

(४) यस दफामा जे सुकै लेखिएको भए तापनि दुर्घटनाग्रस्त सवारी र अनुसन्धानको सिलसिलामा रहेको सवारीको हकमा तोकिए बमोजिम हुनेछ।

**९१. यातायात सेवाको नाम पञ्जिकृत गर्ने:** □(१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापक सार्वजनिक यातायात सेवाको नाम पञ्जीकृत गर्न इच्छुक भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक यातायात सेवाको नाम पञ्जीकृत गर्न सक्नेछ।

□(२) उपदफा (१) बमोजिम पञ्जीकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापक वा सवारी धनीको प्रतिनिधिले त्यस्तो सेवा पञ्जीकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकारी प्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम परेको दरखास्त उपर मन्त्रालयको अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न दरखास्तवालालाई अनुसूची-७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ। त्यसरी यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सवारीधनी वा व्यवस्थापकले त्यस्तो

---

× केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले झिकिएको

🕮 पहिलो संशोधनद्वारा संशोधित

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा [□]अधिकार प्राप्त अधिकारीले सोही बेहोराको निवेदन लिई तत्काल स्वीकृति दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

(५) यस दफा बमोजिम पञ्जीकृत यातायात सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९२. **यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरणः** (१) दफा ९१ को उपदफा (४) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नवीकरण गरी सक्नुपर्नेछ।

(२) सवारीधनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको बमोजिमको ढाँचामा दस्तुर सहित [□]अधिकारप्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दरखास्त परेमा [□]अधिकारप्राप्त अधिकारीले त्यस्तो अनुमतिपत्र अर्को पाँच वर्षको लागि नवीकरण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमतिपत्र नवीकरण गराउन आउने सवारीधनी वा व्यवस्थापकबाट सो म्याद नाघेको छ महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ।

९३. **यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हुनेः** (१) दफा ९२ को उपदफा (४) बमोजिम निर्धारित अवधिभित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्रको लगत कट्टा हुनेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भइसकेको अनुमतिपत्र पुनः नवीकरण गरिनेछैन।

९४. **भाडा निर्धारण गर्नेः** (१) प्रदेश भरिको कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक तथा मालवाहक सार्वजनिक सवारीले लिने भाडा दर निर्धारणको लागि प्रदेश मन्त्रालयले एक परामर्श समिति गठन गर्नेछ। *मन्त्रालयले गठन गरेको सो समितिले यातायात व्यवस्था विभागले कायम गरेको अन्तर प्रदेश स्तरीय भाडा

---

[□] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

निर्धारणलाई समेत आधार मानी भाडा दर सिफारिस गर्नेछ। सो समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्री गुण्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम तोकिएको भाडा दरभन्दा बढी हुने गरी भाडा लिनु हुँदैन।

९५. **परिचयपत्र नबुझाएको व्यक्तिले टिकट बेच्न नपाउने**: (१) सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा ब्यक्तिले पञ्जिकृत यातायात सेवाको कर्मचारीले परिचयपत्र नझुण्ड्याई त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बेच्न पाउनेछैन।

(२) उपदफा (१) बमोजिम परिचय नझुण्डाई टिकट बेचेको पाइएमा त्यस्तो व्यक्तिलाई सम्बन्धित ट्राफिक कार्यालयले प्रत्येक पटक एक हजार जरिबानागर्नेछ।

९६. **यात्री टिकटको ढाँचा**: सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा *र भुक्तानी प्रणाली तोकिए बमोजिम हुनेछ *र भुक्तानी नगद बमोजिम वा विद्युतीय प्रणाली मार्फत गर्न सकिनेछ।

९७. **माल ढुवानी गर्दा माल ढुवानीको विवरण सहितको बिल दिनुपर्ने**: मालवाहक सार्वजनिक सवारीले कुनै किसिमको माल ढुवानी गर्दा मालसामानको धनीले त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको माल ढुवानीको सवारीधनी वा चालकलाई बिल दिनुपर्नेछ र त्यसरी दिइने बिलको ढाँचा तोकए बमोजिम हुनेछ।

९८. **यात्री-सूची तयार गर्नुपर्ने**: मन्त्रालयले तोके बमोजिमको मध्यम बाटो वा लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना स्पष्ट खुलाई यात्री-सूची तयार गर्नुपर्नेछ। त्यसरी तयार गरिएको यात्री सूचीको एकप्रति आफूसँग राखी अर्काेप्रति नजिकको प्रहरी कार्यालय वा अधिकारप्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ।

९९. **यात्री र मालसामान सुरक्षित रूपमा पु¥याउनु पर्ने**: (१) सार्वजनिक यातायात सेवाका धनी, व्यवस्थापक, चालक वा परिचालकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्राको शुरुदेखि गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षासाथ पुऱ्याउनु निजको

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

कर्तव्य हुनेछ। तर यात्रुलाई असुविधा हुनेगरी सम्बन्धित स्थानसम्म पुग्ने गन्तव्य निर्धारण गर्नु हुँदैन।

(२) कुनै सार्वजनिक सवारी बिग्रेमा वा प्राकृतिक प्रकोप परी सवारी अघि बढाउन नसकिने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा अन्य कर्मचारीको अनिवार्य दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमा पनि सवारीधनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउने आवश्यक व्यवस्था गर्नुपर्नेछ। तर कुनै अवस्था परेमा वा कावु बाहिरको परिस्थिति आइपरेमा वाहेक यात्रीलाई तोकिएको गन्तव्यमा पुऱ्याउने जिम्मेवारी लिएपछि बीचैमा अर्को सवारी परिवर्तन गरी पठाउन पाइनेछैन। यस्तो कार्य गरेमा अधिकारप्राप्त अधिकारीले रु. पाँच सय जरिबानागर्नेछ।

**१००.** **<u>सीट भन्दा बढी यात्री राख्न नहुने</u>:** यात्रीवाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट संख्या भन्दा बढी यात्रु राखी चलाउनु हुँदैन।

**१०१.** **<u>यात्रा विश्राम गर्नुपर्ने</u>:** चार घण्टा भन्दा बढी दुरीमा चल्ने यात्रीवाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एक पटक आधा घण्टा विश्राम गर्नुपर्नेछ।

**१०२.** **<u>चालकको पालो फेर्नुपर्ने</u>:** (१) लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक सार्वजनिक सवारीमा कम्तिमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक छ घण्टापछि पालै पालोसँग सवारी चलाउन लगाउने कर्तव्य यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीको हुनेछ।

(२) उपदफा (१) बमोजिम दुईवटा चालक राखेको नपाइएमा त्यस्तो सार्वजनिक सवारीसाधनको 🕮<u>बाटो</u> इजाजत अधिकारप्राप्त अधिकारीले पन्ध्र दिनसम्म निलम्बन गर्न सक्नेछ।

**१०३.** **<u>टिकट नलिई यात्रा गर्नमा प्रतिबन्ध</u>:** कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी लिएको टिकट साथमा नलिई यात्रा गर्नु हुँदैन र सवारीधनी वा व्यवस्थापकले यात्रु टिकटको व्यवस्थापन गर्नुपर्नेछ।

**१०४.** **<u>बाटोको नक्सा र समय तालिकाको जानकारी गराउने</u>:** (१) अधिकारप्राप्त अधिकारीले प्रत्येक सवारीसाधन बिसौनीमा सो बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको बाटोको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य

---

🕮 पहिलो संशोधनद्वारा संशोधित

स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्न वा जडान गर्न लगाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको बाटो, नक्सा वा समय तालिकामा कुनै फेरबदल भएमा अधिकारप्राप्त अधिकारी वा निजले खटाएको कर्मचारीले सोको सूचना तुरुन्त यात्रीहरूलाई दिने व्यवस्था गर्नुपर्नेछ।

१०५. **सीट सुरक्षित राख्नुपर्नेः** (१) स्थानीय तथा छोटो बाटोमा चल्ने यात्रीवाहक सार्वजनिक ठूलो सवारीमा दुईवटा सिट शारीरिक अपाङ्गता भएका व्यक्तिको लागि, दुईवटा सिट जेष्ठ नागरिकको लागि र दुईवटा सिट महिलाहरूका लागि सुरक्षित राख्नुपर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीको हुनेछ।

(२) लामो बाटो चल्ने ठूला यात्रीवाहक सार्वजनिक सवारीमा एकवटा सीट शारीरिक अपाङ्गता भएका यात्रीको लागि र चारवटा सीट महिलाहरूका लागि, दुईवटा सिट जेष्ठ नागरिकको लागि सुरक्षित राख्नुपर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीको हुनेछ।

तर त्यस्तो सीट त्यस्तो सवारी गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु चार घण्टा अघिसम्म मात्र सुरक्षित राखिनेछ।

१०६. **सुरक्षाकर्मी राख्न सकिनेः** मध्यम र लामो बाटोमा यात्रीवाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीले सो सवारी तथा यात्रीवाहक सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन प्रदेश सरकारसँग अनुरोध गरी प्रदेश सरकारले त्यस्तो सवारीमा सुरक्षाकर्मी तैनाथ गर्नुपर्ने आवश्यकता देखेमा लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

१०७. **अनुचित व्यवहार गर्न नहुनेः** कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नुहुदैन र त्यस्तो अनुचित व्यवहार भएमा प्रचलित कानून बमोजिम दण्डनीय हुनेछ।

१०८. **सार्वजनिक सवारीमा धुम्रपान गर्न नहुनेः** सार्वजनिक सवारीमा चालक, परिचालक, सुरक्षाकर्मी, कर्मचारी तथा यात्रुले धुम्रपान गर्नुहुदैन।

१०९. **चालकसँग कुरा गर्न नहुनेः** सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन।

११०. **फेला परेको मालसामान बुझाउनुपर्नेः** सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारीधनी वा

व्यवस्थापकलाई बुझाउनु पर्नेछ। त्यसरी फेला परेको मालसामान सवारीधनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबिस घण्टाभित्र अधिकारप्राप्त अधिकारी वा नजिकको यातायात कम्पनीको कार्यालयमा बुझाउनु पर्नेछ।

**१११. यात्री लिन इन्कार गर्न नहुने:** मध्यम वा लामो बाटोमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक वा अन्य सार्वजनिक सवारीले सवारी खालिरहेको अवस्थामा यात्री लिन इन्कार गर्न पाउनेछैन। त्यस्तो इन्कार गरेको पाइएमा अधिकारप्राप्त अधिकारीले सार्वजनिक यातायातमा संलग्न व्यक्तिलाई कार्वाही गर्न सक्नेछ।

**११२. प्रदेश सरकारको विशेष अधिकार:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाँउमा यातायात सेवा सञ्चालन गर्नुपर्ने गरी वा नपर्ने गरी सवारीधनी वा व्यवस्थापकलाई प्रदेश सरकारले आदेश दिन सक्नेछ र त्यस्तो आदेशमा त्यस्तो आदेश दिनुको आधार र कारण खोली सूचना दिइनेछ।

## परिच्छेद- ७

## आवगमन नियन्त्रण

**११३. सवारीको गति निर्धारण:** ✎(१) मन्त्रालयले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा सो स्थानमा सवारीको गति निर्धारण गरी सो भन्दा बढी वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ। यसरी निर्धारण गरिएको स्थानमा सो निर्धारित गतिभन्दा बढी वेगले ✎सवारी चलाउन पाइने छैन। *निर्धारण गरिएको गति भन्दा बढी वेगमा सवारी चलाएको मन्त्रालय वा मन्त्रालय मातहतका निकायको अनुगमनबाट प्रमाणित भए सानो सवारीलाई पाँच सय देखि एक हजारसम्म र अन्यलाई दुई हजार देखि पाँच हजारसम्म जरिबानाहुनेछ।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा संकेत ✎मन्त्रालयले जडान गर्न लगाउनु पर्नेछ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागु हुनेछैन।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नको निम्ति विशेष किसिमको ध्वनि तथा बत्तिको प्रयोग गर्नुपर्नेछ।

**११४. सवारीको वजनः** ✎(१) यातायात हेर्ने मन्त्रालयले कुनै सार्वजनिक सडकको सम्बन्धमा सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ। यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउनु हुँदैन।

*(२) उपदफा (१) बमोजिम सवारीको वजनको हद निर्धारण गरिएको भए निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाएको नचलाएको अनुगमन मन्त्रालय वा मन्त्रालय मातहतको निकायले गर्नेछ।

*(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा निर्धारित वजनभन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाएको वा चलाउन लगाएको प्रमाणित भए तीन हजार देखि पाँच हजारसम्म जरिबानाहुनेछ।

**११५. सवारीमा राखिने मानिस र मालसामानको हद तोक्नेः** (१) सार्वजनिक सवारीमा राख्न सकिने मानिसको सङ्ख्या र मालसामानको वजन ✎मन्त्रालयले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि ✎हरेक वर्ष श्रावण पहिलो हप्ताभित्र प्रकाशित गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित मानिसको सङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा मानिस वा मालसामान राख्न हुँदैन।

**११६. सवारी चलाउन प्रतिबन्ध लगाउनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको आदेशबाट ✎मन्त्रालयले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा प्रतिबन्ध लगाउन सक्नेछ। यसरी प्रतिबन्ध लगाइएकोमा ✎मन्त्रालयले सो कुराको सूचना त्यस्तो स्थानमा टाँसगर्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

**११७. ट्राफिक सङ्केत टाँस्ने, टाँग्ने वा जडानगर्नेः** (१) ✎मन्त्रालयले आवश्यक देखेको सार्वजनिक स्थानहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलन अनुरूपको रंग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरू, ट्राफिक लाइटहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू, *र ट्राफिक लाइटहरू ✎मन्त्रालयले खटाएको व्यक्ति बाहेक

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्नुहुँदैन।

११८. **<u>ट्राफिक सङ्केतको पालन गर्नुपर्ने</u>:** (१) सवारी चलाउँदा चालक तथा परिचालकले ट्राफिक सङ्केतको पालन गर्नुपर्नेछ।

(२) चालकले पालन गर्नुपर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन्।

(३) सडक प्रयोगकर्ता जोसुकैले पनि ट्राफिक नियमको पालना गर्नुपर्नेछ। तेस्तो ट्राफिक नियमको उलङ्घन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम जरिबानाहुनेछ।

११९. **<u>पार्किङ्ग स्थान तथा सवारीसाधन बिसौनी निर्धारण गर्ने</u>:** (१) अधिकारप्राप्त अधिकारीले गाँउ, नगर तथा जिल्लाका स्थानीय तहका पदाधिकारी, *<u>यातायात व्यवसायीको प्रतिनिधि</u> र ट्राफिक प्रहरी कार्यालयसँग परामर्श गरी मूल सडकको आवागमनमा प्रतिकुल असर नपर्ने गरी पार्किङ्गस्थल तथा सवारीसाधन बिसौनीहरू निर्धारण गर्नुपर्नेछ।

*<u>(२) पार्किङ स्थान तथा सवारी बिसौनी निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।</u>

१२०. **<u>सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने</u>:** (१) कुनै पनि सवारी अरू कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राखीराख्नु हुँदैन।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएको त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ किनारा लगाई राख्नु र रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाटा देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नुपर्नेछ।

१२१. **<u>सवारीको अन्य भागमा मानिस राख्न नहुने</u>:** कुनै सवारी चालक, परिचालक, सवारीधनी वा व्यवस्थापकले लामो एवं मध्यम बाटोमा चल्ने सवारीमा मानिस बस्न बनेको सिट बाहेक सवारीको अन्य भागमा र छोटो तथा स्थानीय बाटोमा चल्ने सवारीमा सवारीको भित्री भागबाहेक अन्य भागमा मानिस राखी सवारी चलाउनु वा चलाउन लगाउनु हुँदैन।

१२२. **<u>चालकलाई बाधा पुग्ने काम गर्न नहुने</u>:** कसैले चालकको क्षेत्र (ड्राइभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रक्षय रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्नहुँदैन।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

१२३. **आवागमनमा बाधा पार्न नहुने**: कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा सवारी राख्नहुँदैन।

तर कुनै विशेष परिस्थिति परी कुनै सार्वजनिक स्थानमा केही समयको लागि कुनै मालसामान राख्नुपर्ने भएमा नजिकको प्रहरी कार्यालयलाई सोको जानकारी दिई त्यस्तो कार्यालयको स्वीकृति लिनुपर्नेछ।

१२४. **सार्वजनिक स्थानमा खाल्डो खन्दा साङ्केतिक चिन्ह राख्नुपर्ने**: (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्डो खन्दा नजिकको प्रहरी कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्डो खन्ने स्वीकृति दिंदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट प्रहरी कार्यालयले साङ्केतिक चिन्ह राख्न लगाउनु पर्नेछ।

१२५. **सवारीमा सांकेतिक चिन्ह राख्नुपर्ने**: कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालवाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि सांकेतिक चिन्ह देखिने गरी राख्नुपर्नेछ।

१२६. **सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने**: (१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि ब्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले सवारीमा रहेको कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नुहुँदैन।

१२७. **दुर्घटनामा परेको सवारी र यात्राको हानी नोक्सानी गर्न नहुने**: कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई पिट्न वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानी नोक्सानी पुऱ्याउनु हुँदैन।

१२८. **सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनुपर्ने**: तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ। दुईपाङ्ग्रे सवारी (मोटरसाइकल, स्कुटर, मोपेड) साधन चलाउँदा हेल्मेट अनिवार्य रूपमा लगाउनु पर्नेछ।

**१२९. खोजेको बेला देखाउनुपर्नेः** (१) कुनै पनि चालक र सहचालकले प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा चालक वा परिचालकको अनुमतिपत्र हेर्न खोजेमा देखाउनु पर्नेछ।

(२) प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको बाटो इजाजतपत्र हेर्न खोजेमा त्यस्तो सवारीको चालक, परिचालक, सवारीधनी वा व्यवस्थापकले दर्ताको प्रमाणपत्र वा बाटो इजाजतपत्र देखाउनु पर्नेछ।

**१३०. सवारी रोक्नुपर्नेः** चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोकी आवश्यता अनुसार उचित समयसम्म अड्याई राख्नुपर्नेछ।

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबू हुने सम्भावना रहेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानी नोक्सानी भएकोमा,

(घ) जेब्रा क्रसिङ्मा मानिस ओहोर-दोहोर गरेको अवस्थामा दोबाटो वा चौबाटोमा रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा,

(ङ) कुनै जंगली जनावरले बाटो काटिरहेको भएमा,

(च) कुनै मानिसबीच बाटोमा बेहोस वा अशक्त अवस्थामा रहेको पाइएमा,

(छ) घरपालुवा जनावरलाई जनावर धनी वा जनावरको हेरचाह गर्ने व्यक्तिले बाटो कटाइरहेको अवस्थामा,

(ज) बाढी, पहिरो, भूकम्प र आगजनी जस्ता प्राकृतिक प्रकोप परेको अवस्थामा सोको अवस्था हेरी।

**१३१. दुर्घटना भएमा चालकको कर्तव्यः** (१) कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोटपटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरुन्त सो दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनुपर्नेछ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालक, परिचालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनुपर्नेछ।

१३२. **<u>दुर्घटना परेको सवारीको निरीक्षणः</u>** (१) दुर्घटनाको जाँचबुझको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष ल्याउन सम्भव भएसम्म दाखिला गर्न लगाई ल्याउन सम्भव नभए त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षणको कार्य समाप्त भए पछि त्यस्तो सवारी अनुसन्धानको लागि राख्नु पर्ने अवस्थामा बाहेक दुर्घटना भएको सवारी तत्काल सवारीधनीलाई जिम्मा दिनुपर्नेछ।

१३३. **<u>सवारी बायाँतिरबाट चलाउनुपर्नेः</u>** (१) कुनै पनि सार्वजनिक स्थानमा सवारी चलाउँदा चालकले तोकिएको स्थानमा बाहेक अन्य स्थानमा बायाँ किनारा च्यापी चलाउनु पर्नेछ।

(२) अगाडि गइरहेको सवारीलाई उछिनी जानु परेमा सङ्केत दिई उक्त सवारीको चालकले अगाडि जान संकेत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानु पर्नेछ। यसरी पछाडिको सवारीले उछिनी जानको लागि संकेत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई संकेत दिनुपर्नेछ।

१३४. **<u>पेटीबाट हिंडनुपर्नेः</u>** मानिस हिंडने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिंडनु पर्नेछ। पेटी नभएको सडकमा हिंडदा सो सडकको □<u>दायाँ किनारा च्यापी</u> हिड्ने गर्नुपर्नेछ।

१३५. **<u>निर्धारित ठाउँबाट बाटो काट्नुपर्नेः</u>** पैदल हिड्ने मानिसले बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब-वे, ओभरहेड ब्रीज वा त्यस्तो बाटो काट्नको लागि निर्धारित गरिएको ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ। निर्धारित ठाउँबाट बाटो नकाट्ने व्यक्तिलाई यस ऐन बमोजिम जरिबानाहुनेछ।

१३६. **<u>पाल्तु पशुपन्छी छाड्न नहुनेः</u>** (१) सवारी चलाउन वा मानिस हिंडनलाई बाधा पर्ने गरी कसैले पनि घर पालुवा पशुपन्छीलाई लापरवाही गरी सवारी आवागमन हुने सडकमा छाडा छाड्नु हुँदैन। यदि लापरवाही ढंगले छाडा छोडिएको पशुलाई सवारीले ठक्कर दिएमा सवारी चालक वा सवारीधनी जिम्मेवार हुनेछैन।

(२) उपदफा (१) को व्यवस्था यो ऐन लागु भएको छ महिनासम्म ✎<u>मन्त्रालय</u>ले सार्वजनिक सूचना मार्फत जानकारी गराउनेछ।

---

□ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट संशोधित

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९द्वारा संशोधित

(३) उपदफा (१) को व्यवस्था यो ऐन प्रारम्भ भएको मितिले छ महिना पछिबाट मात्र लागु हुनेछ।

१३७. **<u>जानकारी दिनुपर्ने</u>**: (१) अधिकारप्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीले कुनै सवारीको सम्बन्धमा मागेको कुनै पनि जानकारी सो सवारी चालक वा सवारीधनीले निजहरूलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी अधिकारप्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनुपर्नेछ।

१३८. **<u>घुम्ती निरीक्षक</u>**: [✎](१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकतानुसार घुम्ती निरीक्षण गर्न सक्नेछ।

[✎](२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १६२ (१) मा उल्लेख भए बमोजिमको काम कारबाही भएको देखिएमा त्यस्तो गर्नेलाई तत्काल सो दफाको (२) मा लेखिए बमोजिमको सजाय गर्न सक्नेछ।

१३९. **<u>चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुने</u>**: कुनै पनि चालकले अरूलाई सवारी चलाउनको निमित्त आफ्नो अनुमतिपत्र दिनुहुँदैन।

१४०. **<u>मादक तथा अन्य लागु पदार्थ सेवन गर्न नहुने</u>**: (१) सवारी चलाउँदा चालक, परिचालक र सुरक्षाकर्मीले मादक वा अन्य कुनै पनि प्रकारको लागु पदार्थ सेवन गर्नुहुँदैन।

(२) सार्वजनिक सवारीमा यात्रा गर्ने कुनै व्यक्तिले यात्रु, चालक, परिचालक र सुरक्षाकर्मीलाई बाधा पुग्ने गरी मादकपदार्थ सेवन गर्नुहुदैन।

१४१. **<u>अँध्यारोमा सवारी चलाउँदा बत्ती बाल्नुपर्ने</u>**: कुनै पनि अँध्यारोमा वा कुहिरो लागेका बेलामा सवारी चलाउँदा सो सवारीको बत्ती बाल्नुपर्नेछ।

१४२. **<u>अवस्था ठीक नभएको सवारी चलाउन नहुने</u>**: (१) सवारीको कुनै पनि पार्ट पुर्जा बिग्री अवस्था ठीक नभएको सवारी चलाउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्थामा नजिकको ग्यारेज वा मेकानिक समक्ष अवस्था ठीक नभएको सवारी लैजान भने बाधा पुग्नेछैन।

---

[✎] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

१४३. **आवश्यक सहयोग पुऱ्याउनेः** कुनै पनि सवारीले दुर्घटनामा परेको अन्य सवारी वा सवारीमा रहेको मानिसलाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ।

१४४. **प्रचार प्रसार गर्ने गराउनेः** सवारी दुर्घटनाको रोकथाम गर्न ✎मन्त्रालयले विभिन्न सञ्चार माध्यमबाट *सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी चेतनामूलक सूचनाहरू, ट्राफिक संकेत *र ट्राफिक लाइटको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा ✎मन्त्रालयले विभिन्न सञ्चार माध्यमबाट *सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी चेतनामूलक सूचनाहरू, ट्राफिक संकेत *र ट्राफिक लाइट सम्बन्धी कार्यक्रमहरू प्रसारित गर्ने व्यवस्था गर्नुपर्नेछ।

१४५. **लापरवाहीसाथ सवारी चलाउन नहुनेः** कुनै चालकले सवारी चलाउँदा लापरवाही वा हेलचेक्रयाई गरी सवारी चलाउनु हुँदैन।

## परिच्छेद-८

## बिमा सम्बन्धी व्यवस्था

१४६. **सवारीको बिमा गराउनुपर्नेः** (१) सवारीधनी वा व्यवस्थापकले तोकिए बमोजिम प्रत्येक सवारीको बिमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न पञ्जीकृत गरिने र बाटो इजाजतपत्र प्रदान गरिने छैन। सवारीधनी वा व्यवस्थापकले यस ऐन बमोजिमबिमा गराएकोमा त्यस्तो बिमामा उल्लेखित रकमको दायित्वभन्दा बढी दायित्व बेहोर्ने छैन।

१४७. **चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बिमाः** (१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सेवामा काम गर्ने अन्य कर्मचारीको तोकिएको रकमको दुर्घटना बिमा सवारीधनी वा व्यवस्थापकले गर्नुपर्नेछ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत पाउने बिमित रकम निज स्वयं वा निजको नजिकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मीको बिमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजलाई कुनै पनि किसिमको हानी नोक्सानी भएमा निजले पाउनुपर्ने रकम उपदफा

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(१) बमोजिमको बिमा बराबरको रकम निज वा निजको हकवालालाई सवारीधनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनुपर्नेछ।

१४८. **यात्रीको बिमा**: (१) तोकिएको बाटोमा यातायात सेवा सञ्चालन गर्ने सवारीधनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको तोकिएको रकमको दुर्घटना बिमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए बापतको दुर्घटना बिमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा आवश्यक कागजात पेस भएको दश दिनभित्र निजको नजिकको हकवालालाई सोबापत पाउनुपर्ने दुर्घटना बिमाको रकम उपलव्ध गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम यात्रीको बिमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा गरिरहेको कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानी नोक्सानी भएमा वा मृत्यु भएमा निजले पाउनु पर्ने रकम उपदफा (१) बमोजिमको बिमा बराबरको रकम निज वा निजको हकवालालाई सवारीधनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनुपर्नेछ।

१४९. **तेस्रो पक्षको बिमा**: (१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति दिने प्रयोजनका लागि सवारीधनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्ष बिमा गराउनुपर्नेछ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सिभ बिमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने रकम उपदफा (१) बमोजिमको बिमा बराबरको रकम पैतीस दिनभित्र निज वा निजको हकवालालाई सवारीधनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनुपर्नेछ। बिमा कम्पनीले बिमा गरेको कागजात पेस गरेपछि यथासम्भव छिटो उपलव्ध गराउनुपर्नेछ।

(४) सवारी दुर्घटना भई नियन्त्रणमा लिएको सवारीसाधन चालक नियन्त्रणमा आइसकेपछि र विमा सम्बन्धी कागजातहरू प्राप्त भईसकेपछि सवारी साधनलाई वहत्तर घण्टाभित्र सवारी धनी वा व्यवस्थापकलाई जिम्मा लगाइनेछ।

## परिच्छेद-९

## काम, कर्तव्य र अधिकार

**१५०.** □**मन्त्रालयको काम, कर्तव्य र अधिकारः** ✎मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संगठित एवं प्रभावकारी ढङ्गबाट यातायात सेवा सञ्चालन गराउन त्यसको आर्थिक तथा प्राविधिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने वा गर्न लगाई तत्सम्बन्धी आवश्यक नीति निर्धारण गर्ने,

(ख) यातायातको सुव्यवस्था र विकासको लागि यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आवश्यक निर्देशन दिने,

(ग) आवश्यकता अनुसार मालसामान ढुवानीको प्राथमिकता तोकी सो प्राथमिकता अनुरूप मालसामान ढुवानी गर्न यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निर्देशन दिने,

(घ) यातायात सेवा सञ्चालन गर्न यात्रीको चापलाई दृष्टिगत गरी मन्त्रालयको निर्देशन अनुसार बाटो तथा भाडा निर्धारण सम्बन्धी आवश्यक कार्य गर्ने,

(ङ) अन्तर्राष्ट्रिय प्रचलन अनुरूप ट्राफिक संकेत *र ट्राफिक लाइटहरू सार्वजनिक स्थानमा राख्नु व्यवस्था गर्ने,

(च) सवारीको गति, वजन र सवारीमा राखिने यात्री संख्या निर्धारण गर्ने,

(छ) सवारीको यान्त्रिक स्थिति तथा स्वरूपको जाँचबुझको सम्बन्धमा आवश्यक अन्य काम कारवाही गर्ने,

(ज) यात्रीहरूको सुविधालाई ध्यानमा राखी आवश्यकता अनुसार प्रतिक्षालय निर्माण गर्ने,

(झ) यातायात सेवाको सुदृढीकरणको निम्ति आवश्यक अन्य काम कारवाही गर्ने,

(ञ) सडक दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षा सम्बन्धी काम गर्ने।

---

□ केही प्रदेश ऐन प्रतिस्थापन गर्न बनेको ऐन, २०८२ बाट संशोधन

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

**१५१. <u>यातायात व्यवस्थापन समिति</u>ः** (१) प्रत्येक प्रदेशमा चल्ने सार्वजनिक सवारीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्यहरू भएको प्रदेशस्तरीय यातायात व्यवस्थापन समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| (क) | ✎<u>महाशाखा प्रमुख, मन्त्रालय</u> | -अध्यक्ष |
| (ख) | प्रदेश प्रहरी कार्यालयले तोकेको अधिकृत | -सदस्य |
| (ग) | मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधी | -सदस्य |
| (घ) | प्रमुख, प्रदेश ट्राफिक प्रहरी कार्यालय | -सदस्य |
| (ङ) | मन्त्रालयले मनोनयन गरेको यातायात व्यवसायीहरूको प्रतिनिधि एकजना | -सदस्य |
| (च) | मन्त्रालयले मनोनयन गरेको यातायात मजदुरहरूको प्रतिनिधि एकजना | -सदस्य |
| (छ) | सम्वन्धित सडक डिभिजन कार्यालयको एकजना अधिकृत | -सदस्य |
| (ज) | ✎<u>मन्त्रालय</u>ले तोकेको ✎<u>शाखा अधिकृत</u> | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको यातायात व्यवस्थापन समिति अन्तर्गतको स्थानीय यातायात व्यवस्थापन समिति तोकिए बमोजिम हुनेछ।

**१५२. <u>यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>ः** यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आफ्नो क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाध रूपमा सञ्चालन गर्न सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने,

(ख) आफ्नो क्षेत्रभित्र बाटो कायम नभएको ठाँउमा केही समयको लागि बाटो कायम गरी यातायात सेवा सञ्चालन गर्नुपर्ने भए अस्थायी बाटो कायम गरी सो बाटोमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ग) आफ्नो क्षेत्रभित्र सार्वजनिक सवारीहरूको बाटोको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको समय समयमा सो को नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने,

(घ) आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक सवारीहरूले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन अन्तर्गत बनेको नियमको

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने,

(ङ) आफ्नो क्षेत्रभित्र यात्रीको चाप र सवारीको संख्या इत्यादीको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नुपर्ने आवश्यक देखेमा सो क्षेत्रमा बाटो निर्धारण हुन मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारबाही गर्ने,

**१५३.** **<u>परीक्षा समितिः</u>** (१) सवारी चालक अनुमतिपत्रको लागि दरखास्त दिने व्यक्ति सवारी चलाउन समर्थ छ छैन भन्ने कुरा यकिन गर्नको लागि दफा ४९ बमोजिमको परीक्षण गर्न प्रत्येक यातायात व्यवस्था कार्यलायमा देहायका सदस्य भएको एक परीक्षा समिति रहनेछ।

(क) प्रमुख, सम्बन्धित यातायात व्यवस्था कार्यालय -अध्यक्ष

(ख) प्रदेश ट्राफिक प्रहरी कार्यालयले तोकेको अधिकृत -सदस्य

(ग) ✎<u>मन्त्रालयले</u> तोकेको विशेषज्ञ -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले चालक अनुमतिपत्रको लागि दरखास्त दिने व्यक्तिको परीक्षा लिई सफल भएकाहरूलाई चालक अनुमतिपत्र प्रदान गर्न अधिकारप्राप्त अधिकारी समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकको कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिले चालकका लागि लिने परीक्षाको पाठयक्रम, विषय र परीक्षा प्रणाली ✎<u>मन्त्रालयले</u> तोकेबमोजिम हुनेछ।

**१५४.** **<u>यातायात निरीक्षक सम्बन्धी व्यवस्थाः</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरू चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने सर्तहरू पूरा गरे नगरेको निरीक्षण गर्न ✎<u>मन्त्रालयले</u> यातायात निरीक्षकको नियुक्ति गर्नेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(२) यातायात निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५५. यातायात निरीक्षकको काम, कर्तव्य र अधिकारः** यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले बाटोको इजाजतपत्र प्राप्त बाटोमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरूले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्नु तथा मालसामान लाद्ने कार्य गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारीहरूले समय समयमा यस ऐन बमोजिम गर्नुपर्ने जाँचपास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवा पञ्जीकृत भए नभएको जाँच गर्ने,

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्रु सूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको कुराको निरीक्षण गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालन चालक, परिचालक, सवारीधनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने।

**१५६. प्रशिक्षण केन्द्र, सञ्चालन गर्न अनुमति लिनुपर्नेः** (१) कुनै पनि किसिमको सवारी चलाउने प्रशिक्षण केन्द्र सञ्चालन गर्न ✎मन्त्रालयबाट अनुमति लिनुपर्नेछ। *त्यस्ता अनुमति प्राप्त प्रशिक्षण केन्द्र मन्त्रालयमा अनिवार्य दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी ✎ मन्त्रालयमा दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र सञ्चालन गर्न सक्छ सक्दैन भन्ने कुराको जाँचबुझ गरी ✎ मन्त्रालयले त्यस्तो प्रशिक्षण केन्द्र ⊠.... सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

⊠ पहिलो संशोधनबाट झिकिएको

(४) उपदफा (३) बमोजिमको अनुमति दिन नसकिने भए दिन नसक्नुको आधार र कारण खोली अनुमति माग्ने व्यक्ति, फर्म वा कम्पनीलाई लिखित जानकारी दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त जानकारी उपर चित्त नबुझेमा चित्त नबुझने पक्षले मन्त्रालय समक्ष उजूरी गर्न सक्नेछ र मन्त्रालयले दुई महिनाभित्र आवश्यक निर्णय गर्नेछ।

(६) सवारी र प्रशिक्षण केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५७. कारखाना तथा वर्कसप सञ्चालन गर्न अनुमति लिनुपर्नेः** (१) कुनै सवारीसाधन निर्माण गर्न वा उत्पादन गर्न, पार्टपूर्जा आयात गरी सवारीसाधन निर्माण गर्न सवारीसाधनको वडी तथा डाला निर्माण गर्ने कारखाना वा अटोमोवाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा संस्थाले ✎मन्त्रालयको अनुमति लिनुपर्नेछ।

*(२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालयमा दर्खास्त दिनु पर्ने छ।

*(३) उपदफा (२) बमोजिम दरखास्त परेमा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गर्न खोजेको कारखाना तथा वर्कसप सञ्चालन गर्न सक्छ सक्दैन भन्ने कुराको जाँचबुझ गरी मन्त्रालयले त्यस्तो कारखाना तथा वर्कसप सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

* (४) त्यस्ता अनुमतिप्राप्त वर्कसपहरू मन्त्रालयमा अनिवार्य दर्ता गराउनु पर्नेछ।

✎(५) कारखाना तथा वर्कसप सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०

## सजाय सम्बन्धी व्यवस्था

**१५८. दण्ड सजायः** (१) दर्ताको प्रमाणपत्रमा उल्लेख भएबमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई अधिकारप्राप्त अधिकारीले पचास हजार रुपैयासम्म जरिबानागर्न सक्नेछ।

(२) अधिकारप्राप्त अधिकारीले देहायको काम कार्वाही गर्ने गराउनेलाई देहाय बमोजिम जरिबानागर्न सक्नेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

(क) दफा १३, ४५ वा ११५ को विपरीत काम कार्वाही गर्ने गराउनेलाई [📖]दुई हजार देखि पाँच हजार रुपैयाँ सम्म,

(ख) दफा १४, २९, ३९, ७३, ९१, ९४, १२३, १२७, को विपरीत काम कार्वाही गर्ने गराउनेलाई [📖]पाँच हजार देखि दश हजार रुपैयाँसम्म,

(ग) दफा १५६ र १५७ को विपरीत काम कार्वाही गर्ने गराउनेलाई [📖]दश हजार देखि बिस हजार रुपैयाँसम्म।

(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारबाही गर्ने गराउनेलाई अधिकारप्राप्त अधिकारीले [📖]तीन हजार देखि पाँच हजार रुपैयाँसम्म जरिबानागर्नसक्नेछ।

(४) दफा १२६ विपरीत हुने गरी काम कारबाही गर्ने गराउने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबानावा पाँच वर्षसम्म कैद वा दुबै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानी नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति रकम दिलाउन सक्नेछ।

(५) दफा १६३ विपरीत हुने गरी काम कारबाही गर्ने गराउने व्यक्तिलाई दस हजार रुपैया जरिबाना, एक वर्षसम्म कैद वा दुबै सजाय गरी अदालतले त्यस्तो व्यक्तिबाट हानी नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति रकम दिलाउन सक्नेछ।

[⊕](५क.) दफा १५ को विपरीत हुने गरी काम कारबाही गर्ने, गराउने व्यक्ति, फर्म वा कम्पनीलाई प्रत्येक दिनको लागि रु. एक हजार रुपैयाँ सम्मका दरले तोकिए बमोजिमको अधिकारप्राप्त अधिकारीले जरिबानागर्नु पर्नेछ।

**१५९. ज्यान मरेमा हुने सजायः** (१) कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको, सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटना गराई सवारीको कारणबाट मुलुकी फौजदारी अपराध संहितामा उल्लेखित म्यादभित्र मरेमा त्यस्तो कार्य ज्यानमार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई जन्मकैद हुनेछ। कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मार्न पाएको रहेनछ भने त्यसरी

---

📖 पहिलो संशोधनद्वारा संशोधित

⊕ पहिलो संशोधनद्वारा थपिएको

सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ।

(२) कसैले कुनै सवारी चालएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्काले वा मुलुकी अपराध संहिता, २०७४ को महलमा उल्लेखित म्याद भित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबानाहुनेछ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबानावा दुबै सजाय हुनेछ।

(४) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप पाँच हजार रुपैयाँ समेत जरिबानाहुनेछ।

तर जन्मकैद हुनेमा त्यस्तो थप जरिबानाहुने छैन।

(५) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ।

**१६०. <u>अङ्गभङ्ग भएमा हुने सजायः</u>** ✎(१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनीयतसाथ गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई तीन वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयासम्म जरिबानाहुनेछ। सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाच हजार रुपैया जरिबानाहुनेछ।

---

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(२) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लिखित कुनै कसुर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा पाँच हजार रुपैयाँ थप जरिबानाहुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अङ्गभङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई हजार रुपैयाँ जरिबानाहुनेछ।

**१६१. घा खर्च, कृया खर्च र क्षतिपूर्ति भराई दिनेः** (१) 🕮सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानी नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतिपूर्ति रकम चालक, सवारीधनी वा व्यवस्थापकबाट भराई दिनुपर्नेछ।

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च बापत पचास हजार रुपैयाँ र क्षतिपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेश्रो पक्षले पाउने दुर्घटना बिमाको रकम,

(ख) अङ्गभङ्ग भएकोमा निको भईकन पनि काम नलाग्ने भए सो को क्षतिपूर्ति बापत तेस्रो पक्षको बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बिमाको रकम र त्यस्तो अङ्ग काम नलाग्ने भए घा खर्च बापत पच्चिस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम *विमा भएको अवस्थामा विमा करारमा भएको व्यवस्था बमोजिम र विमा नभएको अवस्थामा उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारीधनी वा व्यवस्थापकबाट भराई दिनुपर्नेछ।

(३) उपदफा (१) मा लेखिएको बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधी खर्च बापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति बिचार गरी

🕮 पहिलो संशोधनद्वारा संशोधित

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

चालक, सवारीधनी वा व्यवस्थापकबाट पच्चीस हजार रुपैयाँ दिलाई दिनुपर्नेछ। त्यस्तो चोटपटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधी खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइनेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, कृया खर्च र क्षतिपूर्तिको कुल रकमको पाँच प्रतिशत भन्दा बढी चालकबाट भराईने छैन।

(५) उपदफा (१) र (२) बमोजिम बुझाउनुपर्ने कृया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजातबाट पनि असुल उपर हुन सकेन भने सो उपर नभए जति रुपैयाँ निजबाट असुल उपर भएको जरिबानामध्येबाट भराई दिनुपर्नेछ।

(६) यस दफामा लेखिए बमोजिम बिमा कम्पनीले बहोर्नुपर्ने भनी एकिन भएको क्षतिपूर्ति बापतको रकम यथाशीघ्र भराई दिनुपर्नेछ।

(७) यस ऐनको विभिन्न दफा मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा १२६, १५८ को उपदफा (४), (५) दफा १५९, १६०, १६१, १६४ बमोजिमको मुद्दाको अनुसन्धान तहकिकात, मुद्दाको कारबाही र किनारा गर्ने क्षतिपूर्ति सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१६२. **सडक कसुर सम्बन्धी व्यवस्थाः** (१) सडकमा सवारी चलाउदा देहायको कार्य गरेमा सडक कसुर मानिनेछः

(क) ट्राफिक सङ्केत वा ईशारा उल्लङ्घन गरी सवारी चलाएको,
(ख) सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको,
(ग) सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेको वा ध्वनि सङ्केत दिएको,
(घ) सडकमा गलत साइड तर्फबाट सवारी चलाएको,
(ङ) एकतर्फी सडकमा सो विपरीत सवारी चलाएको,
(च) अवस्था ठीक नभएको सवारी चलाएको,
(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएको,
(ज) राती वा कुहिरो लागेको बेलामा बत्ती नबाली सवारी चलाएको,
(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएको,
(ञ) लुकिङ्ग ग्लास नराखी सवारी चलाएको,
(ट) सवारी तोकिएको मापदण्ड विपरीत सवारी मोडिफाई गरी चलाएकोमा,

(ठ) अरूलाई बाधा पुग्ने गरी सार्वजनिक स्थानमा सवारी राखेको,

(ड) सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको,

(ढ) नम्बर प्लेट नराखी सवारी चलाएको,

(ण) सवारीको वजनको हद निर्धारण गरिएको ठाँउमा निर्धारित वजनभन्दा बढी वजनको सवारी चलाएको,

(त) पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएको,

(थ) सवारीमा बस्ने वा राख्नु मानिस वा मालसामानको हद निर्धारण गरिएकोमा सो हद भन्दा बढी भाडा लिई सवारी चलाएको,

(द) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेको,

(ध) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएको,

(न) लापरवाही साथ सवारी चलाएको,

(प) बाटो इजाजतपत्र नलिई सावर्जनिक सवारी चलाएको,

(फ) चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएको,

(ब) सवारी चलाउँदा मोवाइल फोन प्रयोग गरेको,

(भ) लेन उल्लङ्घन गरेको,

(म) तोकिए बमोजिमको नम्बर प्लेट प्रयोग नगरेको,

(य) जथाभावी कसैले बाटो काटेमा,

(र) पेस गर्नुपर्ने विवरण पेस नगरेमा,

(ल) यस ऐन वा ऐन अन्तर्गतको नियम उल्लङ्घन गरेको।

(२) उपदफा (१) बमोजिमको *उपदफा (१) खण्ड (छ) र (ण) बाहेक कसुर गर्नेलाई यातायात निरीक्षक वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले पहिलो पटकको लागि ✎पाँच सय, दोश्रो पटकको लागि ✎एक हजार र तेश्रो पटकको लागि वा सो भन्दा बढी पटकको लागि रु. ✎एक हजार पाँच सय जरिबानागर्न सक्नेछ।

(३) अधिकारप्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीले गरेको जरिबानाबापतको रकम तोकिए बमोजिम जम्मा हुनेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा थपिएको

✎ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

(४) उपदफा (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिबानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबिस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकारप्राप्त अधिकारी समक्ष बुझाउन पूर्जी दिनेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसुर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटना स्थलमा यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सो बापत निजलाई हुने जरिबानाको रकम चौबिस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पूर्जी दिनेछ।

(६) उपदफा (४) वा (५) बमोजिमको पूर्जी दिंदा त्यस्तो पूर्जीको नक्कल प्रतिमा सो पूर्जी बुझनेको सही समेत गराउनु पर्नेछ।

(७) उपदफा (४) वा (५) मा लेखिएको समयसम्म पनि अधिकारप्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिबानाको रकम नबुझाउनेलाई अधिकारप्राप्त अधिकारीले ✎एक हजार रुपैयाँ जरिबानागरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारीधनी वा व्यवस्थापक भए सवारीको बाटो इजाजतपत्र वा निजहरूको यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा ✎एक महिनाको लागि निलम्बन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिबानानबुझाएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र खारेज गर्न सक्नेछ।

## परिच्छेद-११

## विविध

१६३. **हानी नोक्सानी पुऱ्याउन नहुने**: कसैले सवारीमा रहेको चालक, परिचालक, सुरक्षाकर्मी सवारीमा अन्य कर्मचारी वा यात्रीलाई पिट्न, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेको मानिस वा मालसामानलाई कुनै हानी नोक्सानी पुऱ्याउने कामगर्नु र आगजनी गराउनु हुँदैन।

१६४. **सवारीधनी वा व्यवस्थापकले लिनुपर्ने**: कुनै चालकले लापरवाही गरी वा बदनियत पूर्वक यो ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नुपर्ने जरिबाना, घा खर्च, कृया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारीधनी वा व्यवस्थापकले तिरी दिनुपर्नेछ।

**१६५. <u>सजाय नहुने</u>ः** दफा १५८, १५९ र १६० मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकले काबु बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानी नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुनेछैन।

तर यस दफा बमोजिमको मुद्दाको कारवाही किनारा संघीय कानून बमोजिम हुनेछ।

**१६६. <u>प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्ने</u>ः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्रप्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन।

▽**१६६क. <u>सहकार्य तथा साझेदारी गर्न सक्ने</u>ः** (१) प्रदेश सरकारले संघीय वा अन्य प्रदेश सरकार वा कुनै स्थानीय तहसँगको सहकार्य वा निजी क्षेत्रसँगको साझेदारीमा प्रदेश भरी वा अन्तर प्रदेशस्तरमा सार्वजनिक यातायातका सवारी साधनहरू सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहकार्य तथा साझेदारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१६७. <u>सवारी एक आपसमा ठोकिएमा</u>ः** एकभन्दा बढी सवारी गुडिरहेको अवस्थामा एक आपसमा ठक्कर खाएमा प्रहरीको अनुसन्धानबाट जुन सवारीले ट्राफिक नियम पालना नगरेको कारणबाट ठक्कर खाएको हो भने सो दुर्घटनाको दायित्व र क्षतिपूर्ति ट्राफिक नियम उलङ्घन गर्ने सवारीको चालक, सवारीधनी वा व्यवस्थापकले बेहोर्नु पर्नेछ।

**१६८. <u>निर्देशन दिन सक्ने</u>ः** प्रदेश सरकार, मन्त्रालय✂.......ले यातायात व्यवसायीहरूलाई यातायात व्यवसायलाई प्रभावकारी बनाउन तथा यातायात सेवालाई सरल तथा सुलभ बनाउन आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु यातायात व्यवसायीको कर्तव्य हुनेछ।

**१६९. <u>अधिकार प्रत्यायोजन</u>ः** यस ऐन बमोजिम ✍मन्त्रालय वा अधिकारप्राप्त अधिकारीलाई प्राप्त अधिकारहरूमध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार ✍मन्त्रालय वा अधिकारप्राप्त अधिकारीले कुनै समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ।

---

▽ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ बाट थपिएको

✂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको

१७०. **पुनरावेदनः** [ᛃ](१) दफा १५९ अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग-२ को परिच्छेद-१२ मा उल्लिखित म्यादभित्र, दफा १६० अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिताको भाग-२, परिच्छेद-१४ मा उल्लिखित म्यादभित्र र यस ऐन अन्तर्गतका अन्य कसूरको हकमा कसूर भएको मितिले तीस दिनभित्र उजुर गर्नु पर्नेछ।

[ᛃ](२) दफा १५९ र १६० अन्तर्गतका कसुरका सम्बन्धमा बाहेक यस ऐन अन्तर्गतका अन्य कसुरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ।

१७१. **उजुर गर्ने हदम्याद र पुनरावेदन गर्ने म्यादः** (१) दफा १२६, १५८ को उपदफा (४), (५) र दफा १५९, १६०, १६१, १६४ अन्तर्गतको कसुरमा प्रचलित संघीय कानून बमोजिमको हदम्याद भित्र उजुर गर्नुपर्नेछ र यस ऐन अन्तर्गतका अन्य कसुरको हकमा भए गरेको मितिले पैंतिस दिनभित्र उजुर गर्नुपर्नेछ।

(२) दफा १२६, १५८ को उपदफा (४), (५) र दफा १५९, १६० र १६१ अन्तर्गतका कसुरका सम्बन्धमा बाहेक यस ऐन अन्तर्गतका अन्य कसुरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतिस दिनभित्र उजुर गर्नुपर्नेछ।

१७२. **सहयोग पुऱ्याउनु पर्नेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकारप्राप्त अधिकारी वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरूलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

१७३. **अन्य सवारीसाधनको चालकले यस ऐनको पालन गर्नुपर्नेः** यस ऐन बमोजिम दर्ता गर्नु नपर्ने सवारीसाधन वा कुनै सवारीसाधन चलाउन यस ऐन बमोजिम चालक अनुमतिपत्र लिनु नपर्ने रहेछ भने त्यस्तो सवारी चलाउँदा चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक नियमको पालना गर्नुपर्नेछ।

१७४. **असल नियतले गरेको कामको बचाउः** अधिकारप्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारबाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुनेछैन।

---

[ᛃ] केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित

तर असल नियत राखेर काम गरेको हो भन्ने कुराको प्रमाणको भार सम्बन्धित व्यक्तिमा हुनेछ।

१७५. **विशेष अधिकारः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागु नहुने गरी प्रदेश सरकारले छुट दिन सक्नेछ।

१७६. **विविधः** यस ऐनका विभिन्न दफा बमोजिम समय गणना गर्दा यो ऐन प्रारम्भ भएको मितिबाट गणना गरिनेछ।

१७७. **प्रदेश सरकारको दायित्व हुनेः** यस ऐन अन्तर्गत सञ्चालित सार्वजनिक सवारी र तीनमा प्रयोग भएको श्रम, सीप र पूँजीको संरक्षण गर्ने सामान्य दायित्व प्रदेश सरकारको हुनेछ।

१७८. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ।

१७९. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१८०. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूर्तिको लागि प्रदेश सरकारले आवश्यक नियमहरू, 🕮कार्यविधि र निर्देशिका बनाउन सक्नेछ।

१८१. **बचाउः** यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलनमा रहेको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम भए गरेका कामकारबाहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

---

🕮 पहिलो संशोधनद्वारा संशोधित

## अनुसूची-१
## (दफा ३, ४ र ५ सँग सम्बन्धित)
## <u>सवारीको वर्गीकरण</u>

**खण्ड (क): <u>ठूलो सवारी (दफा ३ सँग सम्बन्धित)</u>:**

बस, ट्रक, लहरी, ट्र्याक्टर, दमकल, डोजर, डम्फर, क्रेन, टिपर, रोलर आदि।

**खण्ड (ख): <u>मझौला सवारी (दफा ४ सँग सम्बन्धित)</u>:**

मिनिबस, मिनिट्रक, जिप, पीकअप, भ्यान, क्रेन, ट्रक्याटर, रोलर आदि।

**खण्ड (ग): <u>सानो सवारी (दफा ५ सँग सम्बन्धित)</u>:**

कार, जिप, भ्यान, पिकअप, मोटर साइकल, स्कुटर, टेम्पो, पावर टिलर, मोपेड, तीन पाङग्रे इ-रिक्सा आदि।

**अनुसूची-२**
**(दफा ६,७,८,९ र १० सँग सम्बन्धित)**
**सवारीको प्लेट**

**भाग-१ः <u>साधारण सवारी नम्बर प्लेट</u>**

**खण्ड (क)ः <u>सार्वजनिक सवारी (दफा ६ को उपदफा (५) सँग सम्बन्धित)ः</u>**

कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

**खण्ड (ख)ः <u>पर्यटक सवारी (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)ः</u>**

हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

**खण्ड (ग)ः <u>निजी सवारी (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)ः</u>**

रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

**खण्ड (घ)ः <u>सरकारी सवारी (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)ः</u>**

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनुपर्नेछ।

**खण्ड (ङ)ः<u>संथानको सवारी (दफा १० को उपदफा (२) सँग सम्बन्धित)ः</u>**

पहेंलो प्लेटमा नीलो अक्षर र अङ्कमा हुनुपर्नेछ।

**खण्ड (च)ः <u>कुटनीतिक सवारी (दफा १२ को उपदफा (२) सँग सम्बन्धित)ः</u>**

नीलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनुपर्नेछ।

**<u>द्रष्टव्यः</u>**

१. प्रदेश मुख्यमन्त्री, सभामुख, उपसभामुख, राज्यमन्त्री, सहायक मन्त्री चढने सवारीसाधनको सवारी नम्बर प्लेटको 🕮<u>माथिको आधा भाग रातो प्लेटमा सेतो रङ्गको अक्षर र अङ्क र तल्लो आधा भागमा सेतो प्लेटमा रातो रङ्गको अक्षर र अङ्कमा हुनुपर्नेछ।</u>

२. स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुख चढने सवारी साधनको नम्बर प्लेट सेतो रङ्गको नम्बर प्लेटमा पहेलो अक्षर हुनुपर्नेछ।

---

🕮 पहिलो संशोधनद्वारा संशोधित

**अनुसूची-३**

**(दफा १६ सँग सम्बन्धित)**

**सवारी दर्ता प्रमाणपत्रको ढाँचा**

**प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

**.....................**

**....................यातायात व्यवस्था कार्यालय**

सवारी दर्ता नं. :

सवारीको किसिम :

दर्ता मिति :

सवारीधनीको नाम, थर :

वतन :

सवारीधनीको हस्ताक्षर :

अधिकृतको सही :

| सवारीधनीको फोटो |
|---|

दर्ता गर्ने अधिकारीको

हस्ताक्षर :

मिति :

नामसारी भएको

मिति ....

| सवारीधनीको फोटो |
|---|

सवारीधनीको नाम, थर, वतन :.....

...........................................

नामसारी गर्ने अधिकारीको

हस्ताक्षर :

## प्रमाणपत्रको नवीकरण

| नवीकरण गरेको मिति | नवीकरणको म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |

**सवारीको विस्तृत विवरणः**

१. कम्पनीको नामः

२. सवारीको मोडेल/ सालः

३. सिलिण्डर संख्याः

४. हर्ष पावर/सि.सि.-

५. चेसिस नम्बरः

६. इन्जिन नम्बरः

७. सवारीको रङ्गः

८. सीट क्षमता (चालक सहित)-

९. वजनः

१०. पेट्रोल/डिजेल/अन्य

११. रेडियो, क्यासेट प्लेयर, टेलिफोन आदि छ/छैनः

१२. कुन कम्पनी, फर्म वा मानिसबाट खरिद गरेको हो सो कम्पनी, फर्म वा मानिसको नामः

१३. प्रयोगः

१४. चलाउने क्षेत्रः

१५. भन्सारको निस्साः

## सवारी जाँचेको

| सवारी जाँचेको मिति | नवीकरणको म्याद पुग्ने मिति | जाँच्ने अधिकारीको सही |
|---|---|---|
| | | |

## अनुसूची-४
## (दफा २१ सँग सम्बन्धित)
## अस्थायी दर्ताको प्रमाणपत्र
## आन्तरिक मामिला तथा कानून मन्त्रालय

....................................

पत्रसंख्या :

मिति :

चलानी नं. :...... ....... .......शाखा...... ..    ........

प्राप्त पत्र संख्या र मिति :

विषय : अस्थायी नम्बर।

श्री....... ............... .........

उपर्युक्त सम्बन्धमा व्यक्ति/फर्म/कम्पनीले यस कार्यालयमा मिति २०/ / मा दिएको निवेदन र सो साथ संलग्न प्रमाणहरूको आधारमा निम्न बमोजिम विवरण भएको सवारी तोकिएको अवधिसम्मको निमित्त अस्थायी नम्बर दिइएको छ।

१. सवारीधनीको नाम, थर, वतन :

२. दिइएको अस्थायी नम्बर :

३. अस्थायी नम्बरको अवधि :

४. भन्सारको निस्सा :

५. सवारी निर्माता :

६. सवारीको किसिम :

७. सिलिण्डर संख्या :

८. हर्ष पावर सि. सि. :

९. चेसिस नम्बर :

१०. इन्जिन नम्बर :

११. सवारीको रङ्ग :

१२. सीट क्षमता (चालक सहित) :

१३. वजन :

१४. पेट्रोल/डिजेल/अन्य :

१५. सवारीको पुरानो प्लेट नम्बर :

अनुसूची-५
(दफा ५० सँग सम्बन्धित)
प्रदेश सरकार
कोशी प्रदेश
सवारी चालक अनुमतिपत्र
**Driving Licence**

फोटो
photograph

नम्बरः
Number
नामः
Name
जारी मिति
Date of Issue

म्याद समाप्त मिति :
Expiry Date:

ना.प्रा.नं.
Ctz. No.

रक्त समूहः
Blood Group

पिता/पतिको नामः
Father/Husband
ठेगानाः
Adress

तपाईलाई निम्न बमोजिमको सवारीहरूको चालक अनुमतिपत्र दिइएको छः
The Holder of this Licence is authorized to drive the following vechicles.

| | | | |
|---|---|---|---|
| क.<br>A | मोटर साइकल, स्कूटर, मोपेड<br>Motorcycle, Scooter, Moped | च.<br>F | मिनिबस, मिनिट्रक<br>Minibus, Minitruck |
| ख.<br>B | कार, जिप, डेलिभरी भ्यान<br>Car, Jeep, Delivery van | छ.<br>G | ट्रक, बस, लहरी, टिपर<br>Truck, Bus, Lorry, Tipper |
| ग.<br>C<br>C1 | टेम्पो, अटोरिक्सा<br>Tempo, Autoriksaw<br>E-Rickshaw | ज.<br>H<br>H1 | रोडरोलर, डोजर<br>Road Roller, Dozer<br>Dozer |
| घ.<br>D | पावर टिलर<br>Powertillar | झ.<br>I<br>I1<br>I2 | क्रेन, दमकल, लोडर<br>Crane, Fire brigade, Loader<br>Mobile Crane, Crane Mounted<br>Fire brigrade |
| ङ.<br>E | ट्र्याक्टर<br>Tractor, Trailar Tractor(Low Bed) | ञ.<br>J1<br>J2<br>J3 | अन्य<br>Exacavator<br>Backhole Loader<br>Grader |

| | | | |
|---|---|---|---|
| | | J4<br>J5<br>K<br>K1 | Forklift<br>Other<br>Scooter, Moped<br>अपाङ्गता भएका व्यक्ति |

जारी गर्ने अधिकारी

सवारी चालकको

दस्तखत

Issued by

Licence holder's signature

| | | | | |
|---|---|---|---|---|
| | | | | |

कारबाही Offences

# अनुसूची-६
## (दफा ७५ सँग सम्बन्धित)
## (बाटो इजाजतपत्रको ढाँचा)
## प्रदेश सरकार
## कोशी प्रदेश
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
..........................................

**इजाजत दिने अधिकारीको**

नामः

दर्जाः

दरखास्तः

मिति :

चेसिसको लम्बाई :

इन्जिन नम्बर :

मोडेल :

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगाना :

बडी तयार गर्ने कारखानाको नाम, ठेगाना :

इजाजत पत्र नं.:

सवारीको किसिम :

सवारीधनी वा व्यवस्थापकको नाम :

**अनुसूची-७**

**(दफा ९१ सँग सम्बन्धित)**

**(यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा)**

**प्रदेश सरकार**

**कोशी प्रदेश**

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

**................**

| फोटो |
|---|

दर्ता नं.:

दर्ता मितिः

सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा ९१ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ।

(१) व्यक्ति/फर्म/कम्पनीको नाम :

(२) ठेगानाः

(३) कारोबारको मुख्य स्थानः

(४) सञ्चालन गर्ने सेवाको किसिमः

(५) धनी/साझेदार/सञ्चालक (मुख्य व्यक्ति) को नाम, थर र दर्जाः

(६) ठेगानाः

..........................................

**अधिकारप्राप्त अधिकारीको सही**